राष्ट्रिय साप्ताहिक
# जनजिब्रो
Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञानवर्द्धक सामग्रीका लागि
newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– ३१, अङ्क– ४०, वैशाख २५ गते शुक्रबार, २०८३ (8 May, 2026) | www.janajibro.com | मूल्य रू. १०।-

# बीपी राजमार्गको यात्रा कष्टकर

## ठाउँठाउँमा सवारी 'होल्ड', अद्यावधिक भएर मात्रै आवागमन गर्न सूचना

■ जनजिब्रो संवाददाता



**धुलिखेल (काभ्रेपलाञ्चोक) ।** बेमौसमी वर्षाका कारण दैनिकजसो नै अवरुद्ध हुने भएपछि अवस्था बुझेर मात्रै बीपी राजमार्गमा यात्रा गर्न सुरक्षा निकायले आग्रह गरेको छ। सो राजमार्गमा रातको समयमा आवागमन गर्न जिल्ला सुरक्षा समितिले मंगलबारदेखि नै अनिश्चितकालसम्मका लागि बन्द गराएको छ।

वर्षा लगायतको जोखिमका कारण साँझ ५ देखि बिहान ५ बजेसम्मका लागि समितिले बीपी राजमार्गमा आवागमन बन्द गराएको हो। बेमौसमी वर्षाका कारण रोशी खोलामा बाढी आउँदा खोलाको सतह बढेर डाइभर्सन बगाउँदा सडक अवरुद्ध हुने भएकाले मंगलबारदेखि रातको समयमा राजमार्ग बन्द गराइएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रविन विष्टले जानकारी दिएका छन्। उनका अनुसार मौसमी अवस्था प्रतिकूल नहुने सुनिश्चता भएसँगै सो राजमार्गमा आवागमन नियमित गराइनेछ। गत सोमबारको वर्षाका कारण बीपी राजमार्गअन्तर्गत रोशी गाउँपालिका- ७ स्थित लास्कोट र घुमाउनेको बीचमा फसेका यात्रुको राति नै उद्धार गरिएको थियो। नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीको टोलीले पाँचवटा माइक्रोबसका ८९ यात्रुलाई बुधबार बिहान १ बजे सकुशल उद्धार गरी गन्तव्यतर्फ पठाएका हुन्। वर्षापछिको बाढीले रोशी क्षेत्रमा बीपी राजमार्गमा बनाइएका अस्थायी डाइभर्सन बगाउन थालेपछि सुरक्षा निकायले सोमबार साँझ ५ बजेदेखि नै उक्त क्षेत्रमा आवागमन बन्द गराएको थियो। राजमार्ग अवरुद्ध भएपछि सवारी साधनलाई राजमार्गको प्रवेशमार्ग धुलिखेल तथा काभ्रेभन्ज्याङ र मंगलटार तथा सिन्धुलीको नेपालथोकमा 'होल्ड' गराइएको थियो।

राजमार्गको अवस्था बुझेर मात्रै र त्यो पनि दिनको समयमा

क्रमशः अन्तिम पृष्ठमा

# पूर्वमहान्यायाधिवक्ताहरूसँग संविधान 'बहसपत्र' कार्यदलको छलफल

**काठमाडौं ।** संविधान संशोधनका लागि भन्दै सरकारले जिम्मा दिएको 'बहसपत्र तयार गर्न गठित कार्यदल' ले बुधबार पूर्वमहान्यायाधिवक्ता तथा कानुन क्षेत्रका विज्ञहरूसँग परामर्श गरेको छ। प्रधानमन्त्री बालेन शाहका राजनीतिक सल्लाहकार असिम शाहको संयोजकत्वमा गठित कार्यदलले बुधबार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा छलफल गरेको हो।

छलफलमा सहभागी पूर्वमहान्यायाधिवक्ताहरूले शासकीय स्वरूप, निर्वाचन प्रणाली, संघीय संरचना, न्यायपालिकाको पुनर्संरचना, संवैधानिक निकायको संख्या तथा समावेशितालगायतका विषयमा आ–आफ्ना सुझाव प्रस्तुत गरे। छलफलमा सहभागी पूर्वमहान्यायाधिवक्ता डा. युवराज संग्रौलाले संविधान संशोधनको उद्देश्य र आवश्यकतालाई नै स्पष्ट रूपमा परिभाषित गर्न कार्यदललाई सुझाव दिए। स्थानीय तहलाई गैरदलीय बनाउन र प्रदेशप्रमुख प्रत्यक्ष निर्वाचित हुने व्यवस्था गर्न सकिने भए तापनि केही अन्तर्राष्ट्रिय अभ्यासहरूको अध्ययन गर्नुपर्नेमा जोड उनले दिए।

पूर्वमहान्यायाधिवक्ता सविता भण्डारीले संविधान वा कानुनभन्दा त्यसको कार्यान्वयन गर्ने सोच र आचरण महत्वपूर्ण हुने बताइन्। शासकीय स्वरूप परिवर्तन आवश्यक नरहेको धारणा राख्दै विज्ञसँगै सांसद समेत मन्त्री बन्न पाउने व्यवस्था गरिनु उपयुक्त हुने उनले उल्लेख गरिन्। विदेशमा रहेका नेपालीलाई मतदानको अधिकार दिने, प्रदेशको संख्या घटाउने तथा मन्त्रालयमा दोहोरोपन हटाएर गाभ्नुपर्ने पूर्वमहान्यायाधिवक्ता भण्डारीको धारणा छ। न्यायपरिषद तथा संसदीय सुनुवाइको संरचनामा पनि पुनर्विचार गर्न सकिने उनको भनाइ छ।

अर्का पूर्वमहान्यायाधिवक्ता रमनकुमार श्रेष्ठले प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको व्यवस्था हुनुपर्ने धारणा व्यक्त गरे। सांसद मन्त्री बन्नु नहुने र न्यायपालिकाको पुनसंरचना आवश्यक रहेको तथा संवैधानिक इजलासको औचित्यमाथि पुनर्विचार गर्नुपर्नेमा समेत उनले जोड दिए। त्यस्तै, अर्का पूर्वमहान्यायाधिवक्ता महादेवप्रसाद यादवले संविधान कार्यान्वयन, राज्य निर्माणमा नेतृत्वको चरित्र र नैतिकताको भूमिका महत्वपूर्ण हुने धारणा राखे। संवैधानिक आयोगको संख्या पुनरावलोकन गर्न समेत उनले सुझाव दिए।

अर्का पूर्वमहान्यायाधिवक्ता मुक्तिनारायण प्रधानले हाल प्राप्त अधिकारलाई संरक्षण गर्दै थप अधिकार सुनिश्चित गर्नुपर्नेमा जोड दिए। प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको व्यवस्था, संसदप्रति उत्तरदायित्व, न्यायपालिकाको पुनर्संरचना तथा उच्च अदालतलाई थप सुदृढ बनाउने विषयमा उनले सुझाव प्रस्तुत गरे। प्रदेशको संख्या घटाउनुको सट्टा प्रदेश संरचनालाई अझ प्रभावकारी बनाउनुपर्ने उनको धारणा छ।

क्रमशः अन्तिम पृष्ठमा

# नेपालमा बढ्दो त्रिदेशीय चासोभित्रका रहस्यहरू

**समय सन्देश**

डा. केशव देवकोटा

नेपालमा मुख्यत भारत, अमेरिका र चीनको त्रिदेशीय चासो रहेको छ। जसलेगर्दा यहाँ कसैगरे पनि शान्ति, स्थिरता र विकास हुन सकिरहेको छैन। नेपालको आन्तरिक अस्थिरता, भ्रष्टाचार र आर्थिक कमजोरीले गर्दानै विदेशी शक्तिहरूलाई यहाँ हस्तक्षेपगर्न सजिलो भएको हो। उपरोक्त तीनवटा देशका बिभिन्न शक्तिहरूले नेपालको राजनीतिमा प्रभाव पारेर आआफ्ना हित र स्वार्थको साधना गर्ने/गराउने प्रयास गरिरहेका छन्। जसबाट नेपाललाई कुनै फाइदा छैन। बरु नेपालको सार्वभौमिकता र विकास प्रभावित हुनेगरेको छ। त्यसैले नेपालमा बढ्दो विदेशी हस्तक्षेपलाई सन्तुलन गर्न/गराउनका लागि देशभित्र राष्ट्रिय एकता र सहमतीय राजनीतिको भावनालाई सुदृढ गर्नुपर्दछ। जसका लागि राजनीतिक इच्छाशक्ति, पारदर्शिता, आर्थिक विविधिकरण र देश अनुकूलको संविधान, ऐन कानून र नीति नियमको ब्यवस्था गरिएको हुनुपर्दछ।

नेपालमा पछिल्ला बर्षहरूमा विदेशी चासो उल्लेखनीयरूपमा बढेको देखिन्छ। कतिपयले नेपालमै बसेर बिभिन्न आबरणमा विदेशी चासोलाई सघाउने काम पनि गरिरहेका छन्। जुन कुरा यहाँको राजनीति, अर्थतन्त्र, सुरक्षाको अवस्था र भूराजनीतिक प्रतिस्पर्धाबाट बुझ्न सकिन्छ। विदेशी शक्तिहरूले नेपाललाई हस्तक्षेपगर्ने मुख्य कारण यसको भूराजनीतिक अवस्था हो। नेपाल भारत र चीनजस्ता ठूला देशको बीचमा एक रणनीतिक बफर राज्यकारूपमा रहेको छ। अमेरिकाजस्ता अन्य शक्तिहरू पनि

क्रमशः दोस्रो पृष्ठमा

विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। -**लेनिन**

**जनजिब्रो साप्ताहिक**
वर्ष- ३१, अङ्क- ४०, वैशाख २५ गते शुक्रबार, २०८३

**सम्पादकीय**

# सरकार ! बीपी मार्गमा उच्च ध्यान देऊ !!

स्थानीय जिल्लाहरू काभ्रेपलाञ्चोक, सिन्धुली, रामेछाप, ओखलढुङ्गा, सोलुखुम्बु मात्र नभई तराईका धेरै जिल्ला र इलाम, झापा, मोरङ, सुनसरीसम्मका पूर्वी जिल्लाहरूसम्म पुग्ने छोटो बाटोका रूपमा रहेको धुलिखेल-बर्दिवास जोड्ने बीपी राजमार्ग यतिबेला असाध्यै जोखिमपूर्ण अवस्थामा छ। केही वर्षअघिको बाढीले क्षतविक्षत तुल्याएको उक्त सडक यतिबेला निर्माणाधीन अवस्थामा भए तापनि सवारी आवागमन चालु नै रहेकाले अझ बढी जोखिमपूर्ण स्थिति विद्यमान छ।

चुरे पर्वत शृङ्खला र आसपास तथा रोशी र वरपरका सहायक खोला-खोल्सा छेउमा केहीबेर सघन वर्षा हुनासाथ र बाढी उर्लेर आइहाल्ने र गुडिरहेका सवारी साधन या त दुर्घटनामा पर्ने नत्र घन्टौं-दिनौं-हप्ताहौंसम्म पनि होल्डमा परेर फसिरहने अवस्थाका कारण तिनमा यात्रारत नागरिकको जीवन जोखिममा छ। कयौं स्थानमा रोशी खोलाभित्रैका डाइभर्सनको भरमा लामै यात्रा तय गर्नुपर्दा उक्त सडकको सवारी सधैं नै जोखिमपूर्ण छ। आसपासका केही जिल्लाहरूका निम्ति वैकल्पिक मार्ग भए तापनि उक्त सडक पार गर्नुपर्ने धेरैका लागि या त सडकको विकल्प नै छैन र भएकाहरूका लागि पनि चार-पाँच गुणा लामो यात्राको बाध्यता भएकाले उक्त सडकको निर्माण पूरा नहुँदासम्मका लागि बन्द गरिराख्नु असम्भव नै छ।

अतः सरोकारवाला निकायहरूले बीपी राजमार्गमा चल्ने सवारी साधनहरू र तिनमा यात्रा गर्नेहरूको सुरक्षा-सुविधामा उच्च ध्यान दिऊन्। निर्माणकार्यको गति सम्भव भएसम्म बढाएर नागरिकको रक्षा गरून्।

## नेपालमा बढ्दो...

नेपालमा आफ्नो प्रभाव विस्तारगर्न उद्यत रहँदैआएका छन्। नेपालमा बढाउँदै लगिएको हस्तक्षेपबाट उनीहरूलाई रणनीतिक, आर्थिक र सुरक्षासम्बन्धी फाइदाहरू प्राप्त हुनेगरेका छन्। नेपाल दुई ठूला शक्ति राष्ट्रहरू चीन र भारतका बीचमा रहेकाले यसको रणनीतिक महत्त्व पनि निकै ठूलो छ।

भारतले नेपाललाई आफ्नो सुरक्षा छाताभित्र राख्ने प्रयासगर्दा नसकेपछि उसले पश्चिमा शक्ति खासगरी अमेरिकालाई यहाँ प्रबेश गराएको हो। जसलेगर्दा चीनका लागि सुरक्षा चुनौती बढेकाले उसले पनि चासो बढाउँदै लगेको हो। हाल नेपालमा अमेरिकाको प्रबेशले चीन र भारत दुबैलाई सुरक्षा चुनौती सिर्जना भएको देखिन्छ। त्यसैले चीन र भारत आपसी प्रीतश्पर्धाकै बीचमा नजिकिने प्रयास पनि गरिरहेका छन्। कतिपय अन्तराष्ट्रिय मामिलामा उनीहरूकाबीचमा समान धारणा रहने गरेको छ। भारत र चीनबीच युद्धहुँदा पनि नेपाललाई चिन्ता थियोभने उनीहरू मिल्दा पनि चिन्ता बढाउने कामहरू हुनथालेका छन्। नेपालको भूराजनीतिक महत्त्व दक्षिण एशियामा विशेष खालको छ।

नेपालको उत्तरतर्फ चीनको तिब्बत क्षेत्र तथा दक्षिण, पूर्व र पश्चिमतर्फ भारत रहेकाले नेपाललाई दुवै देशका लागि रणनीतिक दृष्टिले महत्त्वपूर्ण बनाउँछ। त्यसैगरी नेपालको भूभाग हिमालय क्षेत्रमा पर्छ। जुन प्राकृतिक सुरक्षा कवच जस्तै हो। चीनका लागि तिब्बतको स्थायित्व र सुरक्षा तथा भारतका लागि उत्तरी सीमाको सुरक्षा हुनेभएकाले दुवै देशले नेपालमा आफ्नो ध्यान केन्द्रित गरेका छन्। त्यसैगरी नेपालको आर्थिक र व्यापारिक महत्त्व पनि रहेको छ। नेपाल भूपरिवेष्ठित देश हो। त्यसैले व्यापारका लागि मुख्यरूपमा भारतमा निर्भर छ। भारतसँग खुला सीमाना र व्यापारिक सम्बन्ध पनि रहेको छ। पछिल्लो समय नेपालको चीनसँग पनि पूर्वाधार र व्यापार विस्तार भएको छ। नेपाल चीन र भारत दुवै देशबीच ट्रान्जिट र कनेक्टिभिटीको पुल बन्नसक्ने अवस्था छ। अन्तर्राष्ट्रिय सम्बन्ध र सन्तुलनका दृष्टिले पनि नेपालको महत्त्व रहेको छ।

त्यसैले नेपालले औपचारिक रूपमा असंलग्न परराष्ट्र नीति र अशल छिमेकी नीति अपनाउँदै आएको हो। तर ०६३ को परिवर्तनपछि सत्ता र शक्तिमा आएकाहरूले नेपाललाई युरोप र उत्तर अमेरिकी देशहरूको सैन्य गठबन्धन 'नेटो' समर्थक बनाउन खोजेका थिए। अमेरिका, यूके, क्यानडा र फ्रान्ससहितका १२ वटा देशले सन् १९४९ मा नेटो अर्थात उत्तर एट्लान्टिक सन्धि संगठनको स्थापना गरेका थिए। त्यसैले पछिल्लो समयमा नेपालमा अमेरिका लगायतका पश्चिमा देशहरूको दबदबा बढेको हो। नेपाल जलस्रोतमा धनी छ।

जलविद्युत्को सम्भावना पनि धेरै छ। भारतलाई ऊर्जा आपूर्तिको सम्भावना भएका नदीहरू (जस्तै गंगा प्रणालीमा जाने नदीहरू) ले प्रभाव पारेका छन्। त्यसैले भारतले नेपालको जलस्रोतमा एकाधिकार कायम गर्ने/गराउने प्रयास गर्दैआएको हो। नेपालको चीन र भारतकाबीचमा सांस्कृतिक र ऐतिहासिक महत्त्व पनि त्यतिकै प्रबल रहेको छ। नेपाललाई भारत र चीनको मुख्यत तिब्बतको सांस्कृतिक सेतुनै मानिन्छ। यहाँ हिन्दू र बौद्ध संस्कृतिको मिश्रण रहेकाले धार्मिक पर्यटनको संभावना पनि बढी छ। त्यसैले अमेरिका लगायतका पश्चिमा राष्ट्रले हिन्दू र बौद्ध धर्माबलम्बीहरूलाई जुधाएर कृश्चियन बाहुल्य बनाउन खोजिरहेको देखिन्छ। समग्रमा भन्नुपर्दा नेपालको भूराजनीतिक महत्त्व यसको स्थान, प्राकृतिक स्रोत, र छिमेकी शक्तिहरूसँगको सम्बन्धमा आधारित छ। सही कूटनीतिक सन्तुलन कायमगर्न सकेमा नेपालले आफूलाई क्षेत्रीय शान्ति, व्यापार, र सहकार्यको केन्द्रकारूपमा स्थापितगर्न सक्ने अवस्था पनि छ। तर कतिपय नेपालीहरूनै उपरोक्त तीन देशका बिभिन्न शक्ति केन्द्रहरूको स्वार्थ पूर्ति गर्ने/गराउने कार्यमा सक्रियतापूर्बक लागेकाले विदेशी हस्तक्षेपबाट देशलाई मुक्त गराउन असहज भएको हो। भारत नेपाललाई आफ्नो सुरक्षा कवच विशेषगरी सिलिगुढी कोरिडोर (चिकेन नेक) को सुरक्षाकारूपमा हेर्छ। जसले भारतको मुख्य भूमिलाई उत्तरपूर्वी राज्यहरूसँग जोड्छ। यदि चीनको प्रभाव नेपालमा बढ्यो भने भारतको सो भाग जोखिममा पर्नसक्ने उनीहरूको आंकलन रहेको देखिन्छ। त्यसबाहेक नेपालसँगको खुला सीमाले भारतलाई व्यापार, आप्रवासन र सुरक्षा नियन्त्रणमा सजिलो बनाएको छ। भारतको उद्देश्य भनेको नेपालमा आफ्नो प्रभाव कायम राखेर चीनको विस्तार रोक्नु, आर्थिक निर्भरता बढाउनु (नेपालको ७४% निर्यात भारततर्फ हुन्छ) र तिब्बती शरणार्थीहरूको माध्यमबाट चीनलाई दबाब दिनु हो। खुला सीमाना, व्यापार र रोजगारीका कारण नेपालमा भारतको प्रभाव अझै पनि बलियो छ। चीनको सक्रियतासँगै भारत पनि आफ्नो प्रभाव जोगाउन थप सक्रिय भएको देखिन्छ। त्यसैगरी अमेरिकालगायतका पश्चिमी देशहरूले नेपालमा लोकतन्त्र, मानव अधिकार र विकास परियोजनामा लगानीगर्ने बहानामा आफ्नो हस्तक्षेप बढाएका छन्। नेपालमा आफ्नो बलियो र निरन्तर पकड कायम राख्नका लागि उनीहरूले एमसीसी र संघीय शासन दुईवटा परियोजना सञ्चालन गरेका छन्। अब उनीहरू एसपीपीमा हस्ताक्षर गराउन अनेक प्रपञ्च गरिरहेका छन्।

त्यसैगरी, भारतमा रहेका दलाइलामालाई नेपालमा स्थापित गराउने प्रयास पनि भैरहेको देखिन्छ। नेपालमा गत फागुन २१ को निर्वाचनको वातावरण बनाउन उनीहरूको प्रमुख हात रहेको थियोभने त्यसबाट बनेको बर्तमान सरकारलाई प्रयोग गरेर उनीहरू नेपालसँग सुरक्षा साझेदारी र ब्यापार ब्यवसायमा साझेदारी गर्ने/गराउने प्रयास गरिरहेका छन्। त्यसैका लागि पछिल्लो पटक गतसाता बिहीबारदेखि शनिबारसम्म अमेरिकाका दक्षिण तथा मध्य एशियाका लागि विशेषदूत सर्जियो गोरको नेपाल भ्रमण भएको हो। गोरले नेपालका परराष्ट्रमन्त्री र अर्थमन्त्रीसँग मात्र छुट्टाछुट्टै भेटवार्ता गर्नुको पनि बिशेष अर्थ र महत्त्व रहेको छ। उक्त भेटमा नेपाल र अमेरिकाबीचको सम्बन्धलाई थपउचाइमा पुऱ्याउने र आर्थिक विकासका क्षेत्रमा सहकार्य बढाउने विषयमा छलफल भएको भनिएको थियो। परराष्ट्र मन्त्रालयमा भएको भेटमा परराष्ट्रमन्त्री शिशिर खनाल र विशेषदूत गोरबीच नेपाल-अमेरिका सम्बन्धका विविध आयामहरूलाई अझ सुदृढ र प्रभावकारी बनाउने विषयमा कुराकानी भएको भनिएको छ।

त्यसक्रममा दुई देशबीचको कूटनीतिक सम्बन्धलाई समयसापेक्ष सुदृढ बनाउँदै द्विपक्षीय लगानीलाई प्रोत्साहनगर्ने र व्यापार प्रवर्द्धनका नयाँ अवसरहरू पहिल्याउने विषयमा विशेष जोडदिइएको थियो। त्यसैगरी विशेषदूत गोरले अर्थमन्त्री डा. स्वर्णिम वाग्लेसँग पनि भेट गर्नुभएको थियो। उक्त भेटघाटमा मुख्यगरी नेपाल र अमेरिकाबीचको आर्थिक साझेदारी र विकास सहायताका विविध पक्षहरूमा छलफल केन्द्रित रहेको थियो। त्यसक्रममा मन्त्री डा.वाग्लेले नेपालको वर्तमान आर्थिक अवस्था र नयाँ सरकारले अघिसारेका विकासका प्राथमिकताका बारेमा अमेरिकी विशेषदूतलाई अवगत गराउनुभएको थियो। जवाफमा विशेषदूत गोरले नेपालको आर्थिक विकास र समृद्धिमा अमेरिका सधैं साथमा रहने प्रतिबद्धता जनाउनुभएको थियो। उहाँहरूबीच नेपालमा अमेरिकी सहयोगमा सञ्चालित एमसीसी लगायतका परियोजनाहरूको प्रभावकारिता र भविष्यमा हुनसक्ने थपलगानीका क्षेत्रकाबारेमासमेत सकारात्मक कुराकानी भएको बताइएको छ। रास्वपाका सभापति रवि लामिछानेसँगको भेटमा त गोरले नेपालसँग सुरक्षा सहकार्यगर्ने कुरा उठाउनु भएको थियो। नेपालको भूमी प्रयोग गरेर हिमालय क्षेत्रमा चीनको वर्चस्वलाई चुनौती दिनु अमेरिकाको मुख्य उद्देश्य रहेको छ। त्यसैगरी चीनको स्वार्थ भनेको तिब्बतमा अस्थिरता रोक्नु, भारत र अमेरिकाको प्रभावलाई सन्तुलनमा राख्नु, र आर्थिकरूपमा नेपाललाई आफूतर्फ आकर्षित गरेर रणनीतिक गठबन्धन बनाउनुमा रहेको छ।

चीनले पनि हालैका दिनमा नेपालसँग सुरक्षा सहकार्यगर्ने प्रस्ताव अगाडि सारेको छ। यसरी नेपालमा बढेको विदेशी चासोले यहाँ बिभिन्न चुनौतीहरूको सिर्जना गरेका छन्। एकातिर यसले विकास, लगानी, र अन्तर्राष्ट्रिय सम्बन्ध विस्तारमा बाधा सिर्जना गरेको भभने अर्कोतर्फ कूटनीतिक सन्तुलन बिग्रिने, निर्भरता बढ्ने, र आन्तरिक राजनीतिमा बाह्य प्रभावपर्ने जोखिम बढाएको छ। त्यसैले नेपालले हरतरहले असंलग्न परराष्ट्र नीति र अशल छिमेकी नीतिलाई अक्षरस पालनागर्नुमा नै ठूलो कल्याण हुन्छ। अन्यथा नेपालको स्वाधिनता र अखण्डतामा जहिले पनि चुनौती सिर्जना हुनेगर्दछ। यो आजको अवस्थामा नेपालका देशभक्त शक्तिहरूले चिन्तन मनन गर्नुपर्ने मुख्य विषय हो।

# अधुरो क्रान्ति पूरा गर्न कम्युनिस्ट एकता आवश्यक : प्रचण्ड

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का संयोजक एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले क्रान्तिको सपना अझै पूरा हुन नसकेको चर्चा गरेका छन्।

रुकुम पश्चिमको मुसिकोट नगरपालिका-१० खर्सुपानीमा आइतबार आयोजित सहिद कामी बुढा स्मृति पार्क उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै संयोजक दाहालले सबै कम्युनिस्टहरू एकताबद्ध भएर क्रान्तिको सपना पूरा गर्नुपर्नेमा जोड दिएका हुन्।

'हामी समाजवादको यात्रामा अगाडि बढ्ने भनेर लागिरहेका छौं, त्यसका लागि विभिन्न कम्युनिस्ट समूह एकताबद्ध भएर समाजवादको एउटा नयाँ यात्रा सुरु गर्न नेकपा बनाएका छौं' उनले भने 'अब बाँकी रहेका कम्युनिस्टलाई पनि एकताबद्ध गर्छौं।' उनले पछिल्ला उपलब्धिलाई थप व्यवस्थित गर्न शान्ति सम्झौता र संविधानसभा पक्षधर सबै राजनीतिक दलहरूलाई मिलाएर अगाडि बढाइने समेत बताए।

# लिपुलेक समस्या समाधानार्थ कूटनीतिक प्रयास गर्न सांसदहरूको आग्रह

**काठमाडौं ।** संसदीय समितिमा वार्ता र संवादका माध्यमबाट नेपालको लिपुलेक, कालापानी र लिम्पियाधुरा फिर्ता ल्याउन प्रभावकारी कूटनीतिक पहल गर्नुपर्ने विषय उठेको छ।

प्रतिनिधिसभा अन्तर्गतको अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिको बिहीबारको बैठकमा भाग लिने सदस्यहरूले लिपुलेकबारे भारत तथा चीन सरकारलाई नेपाल सरकारका तर्फबाट हालै पठाइएको 'कूटनीतिक नोट'लाई सकारात्मक कदमका रूपमा लिइएको धारणा राखेका हुन्। समितिका सदस्य प्रमेशकुमार हमालले वर्तमान सरकार कालापानी क्षेत्रको अतिक्रमित भूमि फिर्ता ल्याउनेतर्फ परिणाममुखी कूटनीतिक प्रयास गर्न सरकारको ध्यानाकर्षण गराए।

अर्का सदस्य भूमिका लिम्बू सुब्बाले भारत र चीन दुवै छिमेकीसँगको सम्बन्धलाई सन्तुलित तुल्याउँदै अतिक्रमणमा परेको नेपाली भूमि फिर्ता ल्याउन संसदीय समितिको पहल आवश्यक रहेको बताए। उनले ऐतिहासिक तथ्य र प्रमाणका आधारमा उक्त भूमि नेपालकै भएको स्पष्ट छ भन्दै कालापानी, लिपुलेक र लिम्पियाधुराबारे छिमेकीबाट आएको प्रतिक्रिया नेपाललाई मान्य नहुने धारणा व्यक्त गरे। परराष्ट्र मन्त्रालयले नेपाली भूमि लिपुलेक हुँदै आयोजना गर्ने भनिएको कैलाश मानसरोवर यात्राका सम्बन्धमा नेपाल सरकारले आफ्नो स्पष्ट अडान र सरोकार भारत तथा चीन दुवै पक्षलाई कूटनीतिक माध्यमबाट पुनः अवगत गराइसकेको छ।

यसअघि पनि नेपाल सरकारले भारत सरकारलाई उक्त क्षेत्रमा सडक निर्माण वा विस्तार, सीमा व्यापार र तीर्थाटनजस्ता कुनै पनि क्रियाकलाप नगर्न निरन्तर आग्रह गर्दै आएको छ। लिपुलेक क्षेत्र नेपाली भू-भाग रहेका विषयमा चीनलाई आधिकारिक रूपमा जानकारी गराई सकिएको बेहोरा परराष्ट्र मन्त्रालयले स्पष्ट पारिसकेको छ। समितिका सदस्य श्रीधर पोखरेलले नेपालको भूमि फिर्ता ल्याउन उच्चस्तरीय संयन्त्र गठन गरी प्रभावकारी कूटनीतिक प्रयास गर्न आग्रह गरे। सांसद शिवशंकर यादवले राष्ट्रिय हितलाई प्राथमिकतामा राखेर काम गर्नुपर्ने बताए। सांसद अम्बिकादेवी संग्रौलाले छिमकीसँगको सम्बन्ध सुमधुर तुल्याउँदै व्यापार, पारवहन र सीमालाई सुव्यस्थित गर्न सुझाव दिए।

सांसद बिना गुरुङले पर्यटकीय नगरी पोखरालाई अझ सुन्दर र व्यवस्थित तुल्याउन सडक किनाराका पर्खालमा रंगरोगन र 'जेब्राक्रसिङ'को व्यवस्था गर्न संघीय र प्रदेश सरकारको ध्यानाकर्षण गराए भने समितिका सभापति सुम्निमा उदासले समितिको कार्यक्षेत्र र आगामी कार्यदिशाबारे बैठकमा जानकारी गराए। बैठकमा समितिको आन्तरिक कार्यविधिको मस्यौदा अध्ययनका लागि सदस्यहरूलाई वितरण गरिएको थियो। बैठकपछि समितिका सचिव निर्मलादेवी लामिछानेले समितिको परिचय, मुख्य कार्यक्षेत्र, समितिको प्रभावकारिता अभिवृद्धि र चुनौती विषयमा प्रस्तुतीकरण दिएका थिए। उनले विधेयकबारे दफाबार छलफल र प्रतिवेदन तयारी, मातहतका निकायका नीति, कार्यक्रम, स्रोत परिचालन र व्यवस्थापनको मूल्यांकन तथा निर्देशन, समितिका निर्देशन कार्यान्वयनको अवस्था र सार्वजनिक सम्पत्तिको रेखदेख तथा मूल्यांकनलगायत समितिको कार्यक्षेत्र रहेको स्पष्ट परेका थिए।

# विश्व प्रेस स्वतन्त्रता दिवस : पेशागत र भौतिक सुरक्षाको जोखिम

**काठमाडौं ।** नेपाल पत्रकार महासंघका अध्यक्ष निर्मला शर्माले पत्रकारविरुद्ध भएका अपराधमा दण्डहीनता, सञ्चारमाध्यमको आर्थिक अवस्थामा गिरावट, पत्रकारको पेसागत र भौतिक सुरक्षामा जोखिमजस्ता कारणले प्रेस स्वतन्त्रता चुनौतीपूर्ण बन्दै गएको विश्लेषण गरेकी छन् ।

विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा सम्पूर्ण श्रमजीवी पत्रकार, व्यावसायिक सञ्चारगृहहरू तथा विचार र अभिव्यक्ति स्वतन्त्रता पक्षधर जनसमुदायमा शुभकामना व्यक्त गर्दै अध्यक्ष शर्माले सो कुरा बताइएकी हुन् । 'विश्व प्रेस स्वतन्त्रता दिवसका अवसरमा महासंघ सम्पूर्ण सञ्चारकर्मी, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका पक्षधरमा पुनःएकपटक शुभकामना व्यक्त गर्दछ, प्रेस स्वतन्त्रता पेचिलो बन्दै गएको अहिलेको अवस्थमा मुलुकका विभिन्न पेसागत संगठन र नागरिक अगुवासँग अभिव्यक्ति स्वतन्त्रताको रक्षाका लागि महासङ्घ ऐक्यबद्धताको अपेक्षा गर्दछु' शर्माको भनाइ थियो ।

इतिहासदेखि नै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथि राज्यका कुनै अंग, तह वा अरू कुनै संगठित र असंगठित क्षेत्रबाट संकुचन वा नियन्त्रण गर्ने प्रयास भए पनि प्रेस जगतले सशक्त प्रतिवाद गर्दै आएको उनको भनाइ थियो । 'अब पनि त्यस्तो प्रतिवाद गर्नुपर्ने अवस्था आइलाग्छ भन्नेमा महासंघ स्पष्ट छ, लोकतान्त्रिक संविधान लागू भएको दशक बितिसक्दा पनि मुलुकमा प्रेस स्वतन्त्रता हननका घटना बढ्दो क्रममा रहेको देखिनु हाम्रा लागि गम्भीर चिन्ताको विषय हो' शुभकामना सन्देशमा भनिएको छ ।

विश्व प्रेस स्वतन्त्रता दिवस मनाउने क्रमको सुरुआत सन १९९१ मा नामिबियाको विन्डहोकमा आयोजित युनेस्कोको सेमिनारबाट भएको हो । उक्त सेमिनारले 'विन्डहोक घोषणापत्र' जारी गरेको थियो । यही घोषणापत्रको स्मरण गर्दै सन् १९९३ मा संयुक्त राष्ट्रसंघको महासभाले युनेस्कोको सिफारिसमा मे ३ लाई 'विश्व प्रेस स्वतन्त्रता दिवस' का रूपमा मनाउने निर्णय गरेको हो । त्यसयता, हरेक वर्ष मे ३ का दिन प्रेस स्वतन्त्रताको रक्षा र प्रवर्द्धन गर्ने उद्देश्यले यो दिवस विश्वभर मनाउने गरिन्छ । यस वर्षको विश्व प्रेस स्वतन्त्रता दिवसको नारा 'शान्तिपूर्ण भविष्यको निर्माणः मानव अधिकार, विकास र सुरक्षाका लागि प्रेस स्वतन्त्रता प्रवर्द्धन' रहेको छ । युनेस्कोले यस वर्षको कार्यक्रम जाम्बियाको लुसाकामा मे ४ र ५ का दिन विभिन्न कार्यक्रम गरी मनाउँदै छ ।

अन्तर्राष्ट्रिय पत्रकार महासंघ (आइएफजे) ले ४ मे देखि ७ मे सम्म पेरिसमा हुने महाधिवेशनमा विश्वका पत्रकारहरू सहभागी हुने सम्मेलनमा यो दिवस मनाउँदै छ । पछिल्लो समय सरकारले गरेको सरकारी विज्ञापनमा विभेदपूर्ण व्यवहार, लोककल्याणकारी विज्ञापनको संकुचन र अभिव्यक्ति स्वतन्त्रता माथिकै अङ्कुशका प्रक्रियाहरू हुन भन्ने अध्यक्ष शर्माको बुझाइ छ ।

# कोशी, मधेस, बागमती, गण्डकी र लुम्बिनी प्रदेशमा वर्षाको सम्भावना

**काठमाडौं ।** अहिले नेपालमा पश्चिमी र स्थानीय वायु तथा नेपालको पूर्वी भूभाग नजिक तल्लो वायुमण्डलमा रहेको न्यूनचापीय क्षेत्रको प्रभाव रहँदा प्रदेशमा वर्षाको सम्भावना रहेको छ । सो प्रभाव रहँदा बिहीबार हिमाली र पहाडी भू-भागमा साधारणतया बादल लाग्नेछ भने तराई भू-भागमा आंशिक बादल लाग्नेछ ।

जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशलगायत बाँकी प्रदेशको हिमाली र पहाडी भू-भागका केही स्थानहरूमा मेघगर्जन/चट्याङसहित मध्यमसम्मको वर्षा/हिमपात साथै बाँकी तराई भू-भागका थोरै स्थानहरूमा मेघगर्जन/चट्याङसहित हल्का वर्षाको सम्भावना रहेको जानकारी दिएको छ । त्यसैगरी, बिहीबार राति कोशी प्रदेशलगायत देशका हिमाली भू-भागमा साधारणतया बादल लाग्नेछ र बाँकी भूभागमा आंशिक बादल लाग्नेछ । कोशी प्रदेशका थोरै स्थानहरूमा मेघगर्जन/चट्याङसहित मध्यम वर्षा तथा मधेस र बाँकी प्रदेशका पहाडी र हिमाली भू-भागका एकदुई स्थानमा मेघगर्जन/चट्याङसहित हल्का वर्षा/हिमपातको सम्भावना रहेको महाशाखाले उल्लेख गरेको छ ।

यसअघि बुधबार न्यूनचापीय क्षेत्रको प्रभाव रहँदा हाल मधेस, बागमती, गण्डकी, लुम्बिनी र कर्णाली प्रदेशलगायत बाँकी हिमाली र पहाडी भूभागमा साधारणतया बादल लागेको प्रक्षेपण गरेको महाशाखाले बाँकी तराई भूभागमा आंशिक बादल लागेको र कोशी र बागमती प्रदेशको एकदुई स्थानमा हल्का वर्षा समेत भइरहेको उल्लेख गरेको थियो । जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले बुधबार दिउँसो कोशी, मधेस, बागमती, गण्डकी र लुम्बिनी प्रदेशलगायत बाँकी प्रदेशको पहाडी र हिमाली भूभागमा साधारणतया बादल लाग्ने र बाँकी तराई भूभागमा आंशिक बादल लाग्ने जनाएको थियो । कोशी, मधेस, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका केही स्थान तथा बाँकी प्रदेशका केही स्थानमा मेघगर्जन र चट्याङसहित मध्यमसम्मको वर्षा र हिमपातको सम्भावना छ ।

यस्तै बुधबार राति कोशी प्रदेशलगायत देशका पहाडी र हिमाली भूभागमा साधारणतया बादल लाग्नेछ र बाँकी भूभागमा आंशिक बादल लाग्नेछ । कोशी प्रदेशको केही स्थान मधेस तथा बागमती र गण्डकी प्रदेशका हिमाली र पहाडी भूभागका केही स्थानमा मेघगर्जन/चट्याङसहित मध्यम वर्षा तथा बाँकी प्रदेशका हिमाली भू-भागका एकदुई स्थानमा मेघगर्जन र चट्याङसहित हल्का वर्षा र हिमपातको सम्भावना रहेको महाशाखाले जनाएको हो । कोशी, मधेस, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका केही स्थान तथा बाँकी प्रदेशका थोरै स्थानमा मेघगर्जन र चट्याङसहित मध्यमसम्मको वर्षा र हिमपातको सम्भावना रहेकाले आवश्यक सतर्कता अपनाउन समेत महाशाखाले अनुरोध गरेको छ ।

# 'अवैध' घरटहरामा डोजर : 'राज्यले सुकुम्वासीमाथि अमानवीय व्यवहार गर्‍यो'

**काठमाडौं ।** काठमाडौं उपत्यकामा अव्यवस्थित बसोबास हटाउने अभियान चलाएको सरकारले विभिन्न क्षेत्रमा बनेका अवैध घरटहरामा जोडर चलाएरपछि त्यहाँ बसोबास गर्दै आएको नागरिकहरू प्रत्यक्ष प्रभावमा परका छन् । ती अवैध संरचना भत्किएपछि लामो समयदेखि त्यहाँ बस्दै आएका नागरिकहरू अन्यौलमा परेका हुन् ।

सरकारले अवैध संरचना हटाउन यसरी डोजर चलाउँदा वर्षौंदेखि अव्यवस्थित बसोबास गर्दै आएका ती परिवारसहित उनीहरूका बालबालिकाको पठनपाठन, वृद्धवृद्धा, दीर्घरोगी, गर्भवती तथा सुत्केरी माहिलाहरू बढी नै प्रभावित बनेको देखिन्छ । विस्थापितलाई उचित खानपान र बसोबासको माग गर्दै युवाहरूले आइतबार माइतीघर क्षेत्रमा प्रदर्शन समेत गरेका थिए । प्रदर्शनकारीहरूले राज्यले सुकुम्वासीमाथि अमानवीय व्यवहार गरेको आरोप लगाउँदै उनीहरूले तत्काल मानवीय व्यवस्थापन गर्न माग गरे ।

अवैध संरचना हटाउने कार्यलाई निरन्तरता दिने र प्रभावित नागरिकहरूको व्यवस्थापन प्राथमिकतामा राख्ने बताएको सरकारले आइतबारसम्म सिनामंगलमा ६१०, गैरीगाउँमा ५०९, थापाथलीमा ८४०, टेकुमा १०८, बालाजुमा २२७, अनामनगरमा २३ र मनोहरामा ७७० घरटहरा भत्काइएको छ । ०७९ को तथ्यांकअनुसार उपत्यकाका नदीकिनार क्षेत्रमा ३४९६ वटा घरटहरा थिए । सुविधासम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिका प्रमुख मचाकाजी महर्जनका अनुसार उपत्यकामा सबैभन्दा धेरै बागमती र मनोहरा नदी क्षेत्रमा अवैध संरचना थिए । तीमध्ये अधिकांश संरचना हटाइसकिएको छ ।

'अब सामाखुसी, कपन, गोंगबु क्षेत्रमा केही घरटहरा भत्काउने पनि सरकारले बताएको छ । बागमती र मनोहरा क्षेत्रमा अधिकांश संरचना हटाइसकिएको छ,' उनले भने । गत शनिबार मात्रै १ हजार ७०२ घरटहरा हटाएको सरकारले आइतबार थप १०२ संरचनामा डोजर चलाएको हो । अनामनगर, बालाजु र टेकु क्षेत्रका संरचनाहरू डोजर चलाएको थियो । काठमाडौं महानगरपालिकाका प्रवक्ता नवीन मानन्धरका अनुसार बालाजु, कपन, टेकु र देवीनगर क्षेत्रमा यसअघि बाँकी रहेका संरचना हटाइएको छ । उनले सोमबार पनि केही क्षेत्रमा अभियानलाई निरन्तरता दिइने बताए ।

अनामनगर क्षेत्रमा दुईवटा ठुला पक्की घर समेत भत्काइएको छ भने मनोहरा क्षेत्रमा ४० भन्दा बढी गैरीगाउँ क्षेत्रमा ४८ वटा पक्की किसिमका घर थिए । उता थापाथली क्षेत्रमा भने सबैजसो अस्थायी किसिमका टहरा थिए । प्रमुख जिल्ला अधिकारी ईश्वरराज पौडेलले सोमबार कपन साततलेमा सय घर भत्काउने तयारी गरिएको जानकारी दिए । 'काठमाडौंका ८० प्रतिशत अवैध बस्तीमा डोजर चलेको छ, अन्य केही ठाउँमा भत्काउन बाँकी छ, क्रमशः भत्काउँछौं ' उनले भने 'पक्की र ठूला संरचनामा डोजर चलाउँदा पनि धेरै समय लागिरहेको छ ।'

नेपाल प्रहरीका महानिरीक्षक दानबहादुर कार्कीले असुरक्षित सुकुम्बासी बस्ती र अवैध संरचना हटाउने कार्य भइरहेको बताए । 'उपत्यकाका अधिकांश अवैध संरचनामा डोजर चलिसकेको छ' उनले भने 'अबको मुख्य चिन्ता, चासो र सहयोगको क्षेत्र भनेको उहाँहरूको स्थायी र सहज वास नै हो ।' विस्थापनपछि सुरक्षित बसोबासको खोजीमा रहेका हजारौंमध्ये ठूलो हिस्सा अझै सम्पर्कविहीन छ । जिल्ला प्रशासन कार्यालय काठमाडौंका अनुसार हालसम्म आफूलाई सुकुम्वासी दावी गर्दै १८१६ परिवारका ७७८९ जना सरकारको सम्पर्कमा आएका छन् । तीमध्ये ७९४ जनालाई विभिन्न होल्डिङ सेन्टरमा राखिएको छ भने अन्यलाई क्रमशः सुरक्षित स्थानमा सार्ने काम जारी छ ।

तर, करिब १५०० परिवार (झन्डै ५५०० व्यक्ति) अझै सरकारको सम्पर्कमा आएका छैनन् । प्रशासनका अनुसार उनीहरूको खोजी कार्य जारी छ । विस्थापितहरूलाई कीर्तिपुरस्थित राधास्वामी सत्संग भवन १४७, नयाँ बसपार्क र माछापोखरी क्षेत्रका होटेलहरू १८०, सुन्धारा क्षेत्रका होटेलमा २५ जना, भक्तपुरस्थित नेपाल विद्युत प्राधिकरणको तालिम केन्द्र ७६, बोडेस्थित कृषि तालिम केन्द्र ३०, धापाखेलको सेल्टरमा १० जनालाई राखिएको छ । हालसम्म ७९४ जनालाई विभिन्न होल्डिङ सेन्टरमा राखिएको छ । सरकारले सहरी विकास मन्त्रालयले अवैध बस्तीबाट हटेकाहरू सम्पर्कमा नआएको भन्दै नाम दर्ता गराउन र विवरण टिपाउन आग्रह गरेको छ । काठमाडौं उपत्यकामा हजारौं रोपनी सार्वजनिक जग्गा अतिक्रमणमा परेको तथ्यांक छ । सरकारी निकायको तथ्यांकअनुसार हजारौं रोपनी सार्वजनिक जमिन विभिन्न व्यक्ति र समूहद्वारा कब्जा गरिएको छ, जसमा सुकुमवासीसँगै शक्तिशाली व्यापारी र पहुँचवाला समेत छन् ।

उपत्यका विकास प्राधिकरणका अनुसार कलंकी, गोंगबु, टोखा, शंखरापुर र मनोहरा क्षेत्र सार्वजनिक जग्गा अतिक्रमणको चपेटामा छन् । प्राधिकरणका पूर्व काठमाडौं जिल्ला आयुक्त सुवास बस्नेतका अनुसार हजारौं रोपनी सार्वजनिक जग्गामा ठूला व्यापारिक संरचना समेत बनेका छन् । प्राधिकरणका अनुसार २०२१ सालको नापीअनुसारको सार्वजनिक जग्गा समेत व्यक्तिगत नाममा दर्ता गरिएको भेटिएको छ । आयुक्त बस्नेतले रामबहादुर रावल आयोग (२०४९/२०५२) को प्रतिवेदनमा धोबीखोलामा करिब ४५० रोपनी जग्गा अतिक्रमण भएको उल्लेख भए पनि हाल त्यो घटेर करिब २०० रोपनीमा झरेको छ ।

# भारत र चीनलाई पठाइएको कूटनीतिक नोट सकारात्मक : कांग्रेस

**काठमाडौं ।** नेपाली कांग्रेसले लिपुलेक, लिम्पियाधुरा र कालापानी नेपालको भूमि भएको धारणासहित नेपालको सार्वभौमिकताको सम्मान गर्न आग्रह गर्दै नेपाल सरकारले भारत र चीन दुवै देशलाई पठाएको कूटनीतिक नोटलाई सकारात्मक रूपमा लिएको बताएको छ ।

कांग्रेस केन्द्रीय कार्यसम्पादन समितिको सोमबार बसेको बैठकले सो बारेमा निर्णय गर्दै विसं २०७२ मा पार्टीका तत्कालीन सभापति सुशील कोइराला नेतृत्वको सरकारले उक्त विषय तत्काल सच्याउन आग्रह सहित भारत र चीन दुवै सरकारलाई कूटनीतिक नोट पठाएको कूटनीतिक पहल सम्बन्धमा समेत स्मरण गराएको छ । गगनकुमार थापा सभापतित्वको बैठकले नेपाली भूमि लिपुलेक हुँदै कैलाश मानसरोवर यात्रा सञ्चालन गर्ने भारत र चीन बीच भएको सहमतिप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । साथै लिपुलेक, लिम्पियाधुरा र कालापानी नेपाली भूमि भएको र यस सम्बन्धमा कांग्रेसले विगतदेखि संस्थागत धारणा स्पष्ट ढङ्गले राख्दै आएको पार्टीद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

सन् १८१६ को सुगौली सन्धि, नेपालको ऐतिहासिक नक्सा, अभिलेख, दस्तावेज र प्रमाणको आधारमा लिपुलेक, लिम्पियाधुरा र कालापानीलगायत नेपालको भूमि भएको आधिकारिक दृष्टिकोण कांग्रेसले राख्दै आएको छ । 'कांग्रेस यो दृष्टिकोण र अडानमा स्पष्ट छ । भारत र चीन दुवै देशले नेपालको सार्वभौमिकताप्रति संवेदनशील हुनेछन् भनी कांग्रेसले विश्वास लिएको छ' कांग्रेसको विज्ञप्तिमा उल्लेख गरिएको छ ।



# खुला नाकामा कडाइ हुँदा तस्करी नियन्त्रण, मूल्य अकाशियो

**काठमाडौं ।** पछिल्ला समय सुरक्षाकर्मीले भारतसँग खुला सीमा रहेको महोत्तरी जिल्लाका विभिन्न सीमानाकामा जाँचमा कडाइ गरेपछि तस्करी नियन्त्रणमा आएको बताएको छ । सशस्त्र प्रहरी र नेपाल प्रहरीले जिल्लास्थित भारतीय सीमा क्षेत्रमा जाँमा कडाइ गरेपछि तस्करी नियन्त्रण भएको भन्सार कार्यालयका सूचना अधिकारी भरतराज अधिकारीले जानकारी दिएका हुन् ।

संगठित तस्करी नरोकिएको जनगुनासो बढेपछि प्रहरीले सीमावर्ती मटिहानी, पर्सापतैली, बिसनपुर, मसुरपट्टी, धबौली, मलिवारा, नैन्ही, हलखोरी, बथनाहा, मरुवाही, सकरी, कट्टी कटैया, संग्रामपुर, सम्सी, रघुनाथपुर, खैरबन्नीलगायत भारतीय सीमा क्षेत्रमा सक्रियता बढाएको हो । प्रहरीले तस्करी रोकेपछि भारतको सीतामढी र मधुबनी जिल्लाका प्रहरीले समेत ती नाकामा कडा निगरानी गर्न थालेका भन्सार कार्यालयले जनाएको छ । सीमा नाकामा तस्करी रोकिएपछि नेपाली बजारमा उपभोग्य वस्तुको बिक्रीवितरण बढे पनि मूल्य आकासिएको स्थानीयले बताए । नाकामा कडाइ गरिएपछि सरसामान किनमेल गर्न सीमापारी (भारतीय बजार) जाने क्रम घट्न थालेको स्थानीय व्यापारीले सुनाए ।

यसअघि भारतीय बजार मूल्यको हाराहारीमा दैनिक उपभोग्य वस्तुको मूल्य भने अहिले स्थानीयका बजारमा १५ देखि १७ प्रतिशतले वृद्धि भएको छ । सीमा नाकामा प्रहरीद्वारा गरिएको कडाइले महँगी बढ्नुका साथै बजारमा उपभोग्य वस्तुको अभाव देखिन थालेको व्यापारीले बताए ।

सूचना अधिकारी अधिकारीले चोरी पैठारी नियन्त्रणको क्रममा सशस्त्र प्रहरीले गत चैत १३ गतेदेखि हालसम्म गरिएको जानकारी दिए । सीमा नाकामा अहिले सशस्त्र प्रहरी र नेपाल प्रहरीको २४ घण्टे गस्ती र कडा निगरानी बढाएको सुरक्षा निकायले जनाएका छन् । यसरी दैनिक उपभोग्य वस्तुमा मूल्य वृद्धि भएसँगै उपभोक्ता महँगीको मारमा परेका छन् ।

# ऊर्जा मन्त्रालयअन्तर्गत को–को भए पदमुक्त ?

**काठमाडौं ।** 'सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था अध्यादेश, २०८३' बमोजिम विभिन्न पदाधिकारीहरू स्वतः पदमुक्त भएका छन् ।

मन्त्रालयले सोमबार जारी गरेको सूचनाअनुसार उक्त अध्यादेशबाट नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक तथा सदस्य सचिव हितेन्द्रदेव शाक्य तथा सदस्यहरू रतनबहादुर ऐर, डा बलबहादुर पराजुली, श्यामकिशोर यादव र रोहित पौडेल पदमुक्त भएका हुन् ।

विद्युत् नियमन आयोगका अध्यक्ष डा रामप्रसाद धिताल तथा सदस्यहरू डा मधुसुधन अधिकारी र डा भमकप्रसाद शर्मा, गौतम डंगोल र भागिरथी भट्टराई ज्ञवाली पदमुक्त भएको मन्त्रालयले जनाएको छ ।

# शृंखलाबद्ध लुटपाटको अभियोगमा पक्राउ

**काठमाडौं ।** हतियार देखाएर शृंखलाबद्ध लुटपाट मच्चाउने दुई जना पक्राउ गरेका छन् । काठमाडौं महानगरपालिका–२९ इन्द्रचोकस्थित एक सुनचाँदी पसलमा हतियार देखाई लुटपाटको प्रयास गरेको अभियोगमा दुई जनालाई काठमाडौं प्रहरीले पक्राउ गरेको हो ।

लुटपाटमा संलग्न भक्तपुरको थिमी नगरपालिका–९ बोडे बस्ने ३० वर्षीय विकेश राजवाहक र काठमाडौं महानगरपालिका–१९ डल्लु बस्ने ३४ वर्षीय अरुण भुजेललाई जिल्ला प्रहरी पसिसर काठमाडौंको टोलीले पक्राउ गरेको हो । उनीहरूबाट चिनियाँ पेस्तोल र त्यसको म्यागजिन, गोली र एक थान तथा सो समयमा प्रयोग भएको कपडा र स्कुटर समेत बरामद गरिएको काठमाडौं परिसरका प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले जानकारी दिए ।

उनीहरूले गत पुस २१ गते काठमाडौं महानगरपालिका–२५ मासन गल्लीस्थित एक होलसेल पसलमा पनि पेस्तोल देखाई दुई तोलाको सुनको सिक्री, नगद चार लाख, मोबाइल र सिसीटिभी समेत लुटेको अनुसन्धानका क्रममा खुलेको छ । निजमाथि थप अनुसन्धान भइरहेको काठमाडौं प्रहरीले जारी गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

# जलजला दुर्घटनामा ज्यान गुमाएका एकै घरका ६ ज्यानको सामूहिक दाहसंस्कार

**काठमाडौं ।** रुकुम पूर्वमा गत बिहीबार रोल्पाको थपाङ गाउँपालिकास्थित जलजलामा भएको जिप दुर्घटना परी ज्यान गुमाएका रुकुम पूर्वका एकै घरका ६ जनाको सामूहिक दाहसंस्कार गरिएको छ । उनीहरूको धाउने बगरस्थित सानीभेरी नदी किनारामा सामूहिक दाहसंस्कार गरिएको हो ।

दुर्घटनामा परी मृत्यु हुने सिस्ने गाउँपालिका–६ टाकुराकी २८ वर्षीया युवा बुढाथोकी, उनका छोरा १० वर्षीय दिव्यान बुढाथोकी, ५३ वर्षीया सासुआमा तिलकुमारी बुढाथोकी, ३२ वर्षीय देवर गोर्खबहादुर बुढाथोकी, ४० वर्षीया कान्छी सासुआमा ओमकुमारी बुढाथोकी, ओमकुमारीका १३ वर्षीय छोरा सुदीप बुढाथोकीको दाहसंस्कार गरिएको हो । युवाका श्रीमान दीपक बुढाथोकी अमेरिकाबाट घर पुगेछि अन्त्येष्टि गरिएको सिस्ने गाउँपालिका अध्यक्ष कृष्ण रेग्मीले जानकारी दिए । पूर्णिमाका दिन रोल्पाको जलजलामा लाग्ने पूजामा सहभागी हुन रुकुम पूर्वको रुकुमकोटबाट बुढाथोकी परिवारका सदस्य पूजा–आजा गर्न त्यसतर्फ गएका थिए, तर जलजला नपुग्दै गाडी दुर्घटना परेको हो ।

दुर्घटनामा परी २० जनाको मृत्यु भएको थियो भने एक जना घाइते भएका थिए । मृतकमध्ये १४ जनाको गत शनिबार नै दाहसंस्कार गरिएको थियो ।

# राष्ट्रियसभाका अध्यक्ष दाहालसमक्ष ज्ञापनपत्र प्रस्तुत

**काठमाडौं ।** संयुक्त राजनीतिक दलित संघर्ष समितिले राष्ट्रियसभाका अध्यक्ष नारायण प्रसाद दाहाल समक्ष ध्यानाकर्षणसहितको ज्ञापनपत्र बुझाएको छ । समितिका संयोजक दलजित श्रीपालीसहितको प्रतिनिधिमण्डलले सिंहदरबारस्थित अध्यक्ष दाहालको कार्यकक्षमा भेट गरी सिन्धुलीको खुर्कोट प्रहरी हिरासतमा मृत्यु भएका युवा श्रीकृष्ण विकको न्यायसहित देशव्यापी रूपमा दलित समुदायमाथि भएका सार्वजनिक अपमान, कुटपिट दमन तथा हत्याको विरोध स्वरूप ज्ञापनपत्र बुझाएको हो ।

अध्यक्ष दाहालले न्यायका लागि सम्बन्धित निकाय समक्ष पहल गर्ने प्रतिबद्धता व्यक्त गरे । दलित समुदायका राजनीतिक नेता तथा नागरिक समाजका अगुवाहरूले देशका विभिन्न स्थानमा दलित समुदायमाथि भएका जातीय विभेदको घटनाको विरोधमा आइतबार माइतीघर मण्डलामा प्रदर्शन समेत गरेका थिए । वैशाख ३ गते ललितपुरको सातदोबाटोबाट पक्राउ परेका कृष्ण विकलाई इलाका प्रहरी कार्यालय खुर्कोट, सिन्धुलीमा राखिएको थियो । उनी ७ गते बिहान त्यहाँस्थित चौकीभित्रै मृत भेटिएका थिए ।

वैशाख ११ गते रोल्पाको गंगादेव गाउँपालिका–५ फुलवासका भीमबहादुर खत्रीले १० वर्षीय अवोध बालक खगेन्द्र विकमाथि गरेको कुटपिटको निष्पक्ष छानबिन गरी कानुनअनुसार हदैसम्मको कारबाहीको माग गरिएको छ ।

# सञ्चार मन्त्रालयअन्तर्गत विभिन्न निकायका दर्जनौं पदाधिकारी पदमुक्त

**काठमाडौं ।** सञ्चार तथा सूचना प्रविधि मन्त्रालय मातहतका विभिन्न नौ वटा निकायका ३६ जना पदाधिकारी पदमुक्त भएका छन् । मन्त्रालयले जारी गरेको प्रेस विज्ञप्तिमा सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था अध्यादेश, २०८३ कार्यान्वयनमा आएपछि मन्त्रालयअन्तर्गतका विभिन्न संस्थान, बोर्ड, प्राधिकरण, आयोग तथा समितिका पदाधिकारीहरू स्वतः पदमुक्त भएका हुन् ।

अध्यादेशको दफा (२) को उपदफा (१) बमोजिम ती निकायमा कार्यरत अध्यक्ष, सदस्य तथा कार्यकारी पदाधिकारीहरू पदमुक्त भएको मन्त्रालयले जनाएको छ । मन्त्रालयद्वारा जारी विज्ञप्तिअनुसार गोरखापत्र संस्थानका अध्यक्ष गोविन्दप्रसाद भण्डारी, प्रेस काउन्सिल नेपालका अध्यक्ष डा कुमार शर्मा आचार्यसहित सदस्यहरू पदमराज जोशी, भीमलाल श्रेष्ठ, शन्तराम विडारी, कुमारी निमा काफ्ले, विजयराज अधिकारी, बालकृष्ण अधिकारी, केशवशरण लामिछाने र नकुल अर्याल पदमुक्त भएका छन् ।

नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष भूपेन्द्र भण्डारी तथा सदस्यहरू कृष्णप्रसाद पोखेल, नवराज अधिकारी, रवीन्द्र भा र गोकर्णप्रसाद सिटौला, विज्ञापन बोर्डका अध्यक्ष लक्ष्मण हुमागाईं तथा सदस्यहरू पवन अधिकारी, प्रेमबहादुर भट्टराई र मोहन गुरुङ पनि पदमुक्त भएका छन् । सुरक्षण मुद्रण केन्द्रका सदस्य आदित्य न्यौपाने र कार्यकारी निर्देशक देवराज ढुङ्गाना तथा सार्वजनिक सेवा प्रसारण नेपालका अध्यक्ष डा महेन्द्र विष्ट तथा सदस्यहरू अनिता गुरुङ, फूलमान बल र भूमिराज चापागाईं पनि पदमुक्त भए ।

यस्तै, राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त डा सुरेशप्रसाद आचार्य तथा सूचना आयुक्तहरू दुर्गा भण्डारी पौडेल र गगन विष्ट एवं चलचित्र जाँच समितिका सदस्यहरू सम्पन्न श्रेष्ठ, कुवेरराज गिरी र भगवतीकुमारी मैनाली उप्रेती (भीमा), न्यूनतम पारिश्रमिक निर्धारण समितिका अध्यक्ष संगीता खड्का तथा सदस्यहरू नवीनराज कुइँकेल, वासुदेव मिश्र र जमुना शर्मा पनि पदमुक्त भएको मन्त्रालयले बताएको छ ।

मन्त्रिपरिदको सिफारिसमा राष्ट्रपति रामचन्द पौडेलले गत शनिबार जारी गरेको 'सार्वजनिक पदाधिकारीको पदमुक्ति सम्बन्धमा विशेष व्यवस्था अध्यादेश, २०८३' को दफा २ को (१) मा गरिएको व्यवस्थाअनुसार २०८२ चैत १२ गते अगाडि सार्वजनिक निकायमा नियुक्त पदाधिकारीहरू स्वतः पदमुक्त भएका छन् ।

# वर्षा लागिसक्दा पनि हिमपात कायमै

**काठमाडौं ।** यतिबेला मुस्ताङ भ्रमण गर्ने सबैभन्दा अनकूल याम चलिरहेको छ । हिउँदयामको चिसो र हिउँ पर्ने समय टरिसकेकाले यो यामलाई मुस्ताङ भ्रमणको अनुकूल याम मानिन्छ । हिउँदेयाम सकिएर गर्मीयाम सुरु भइसके पनि मुस्ताङमा अझै हिउँ पर्न भने छाडेको छैन ।

बुधबार मात्रै पनि जिल्लास्थित वारागुङ मुक्तिक्षेत्रमा आंशिक हिउँ परेको हो । हिउँ पर्दा मुस्ताङमा चिसो बढेको छ । मुक्तिनाथस्थित हाई अल्टिच्युड ट्रिटमेन्ट सेन्टरमा कार्यरत स्वास्थ्यकर्मी सरोज घर्तीले बुधबार मुक्तिनाथ क्षेत्रमा करिब एक घण्टाभन्दा बढी समयसम्म हिउँ परेको बताए । हिउँ परेसँगै आसपासका नाँगा डाँडाकाँडा फेरि हिउँले सेताम्मे भएको उनको भनाइ छ ।

गर्मीयाम सुरु भइसक्दा पनि मुक्तिनाथमा बेमौसमी हिमपातले दर्शनार्थी भक्तजनलाई मुक्तिनाथ यात्रामा असजह भएको स्वास्थ्यकर्मी घर्तीले उल्लेख गरे । मुक्तिनाथ क्षेत्रमा योसँगै यस वर्ष आठौं पटक हिमपात भएको हो । यसलाई स्थानीय जानकारकर्ताले जलवायु परिवर्तनको प्रभावका रूपमा विश्लेषण गरेका छन् । वसन्त ऋतुको समयमा पालुवा पलाएर मौसम पनि गुल्जार हुने समयमा मौसम प्रतिकूल बन्नु र हिउँ पर्नु यहाँका लागि राम्रो नभएको वारागुङ मुक्तिक्षेत्र–१ का वडाध्यक्ष प्रमेश गुरुङले बताए ।

वारागुङ मुक्तिक्षेत्र–१ अन्तर्गत खिङ्गा, झारकोट, लुप्रा र पुराङ रानीपौवालगायत गाउँमा हिउँदयामको बिदाइ र बर्खायामलाई स्वागत गर्दै 'धछ्याङ' पर्व मनाइसकिएको छ । बेमौसमी हिमपातले अन्नबाली र विशेष गरी स्याउका फूलहरू नष्ट गर्ने चिन्ता बढेको वडाध्यक्ष गुरुङले जानकारी दिए ।

यस वर्षको हिउँदयाममा यहाँ पटक–पटक हिउँ परे पनि वैशाख महिनामा हिउँ पर्नु अनौठो भएको वारागुङ–१ का खिङ्गा गाउँका मुखिया ल्हाक्पाटसी गुरुङले बताए । उनले हिउँदयाममा परेको हिउँ कृषकका लागि फाइदाजनक भए पनि बेमौसमी हिमपातले कृषि र पर्यटन क्षेत्रलाई असर पुऱ्याउने बताए ।

# वर्षात्‌सँगै उपत्यकामा प्रदूषण कम

**काठमाडौं ।** वर्षा र हावाहुरीका कारण काठमाडौं उपत्यकाको वायु गुणस्तरमा उल्लेख्य सुधार आएको छ । एयर क्वालिटी इन्डेक्स (एक्युआइ)को पछिल्लो तथ्यांकअनुसार बुधबार बिहान ११ बजेसम्म उपत्यकाको वायु गुणस्तर सूचकांक ४७ मा झरेको छ, जुन 'राम्रो' अर्थात स्वस्थ श्रेणीमा परेको हो ।

केही साताअघि विश्वकै सबैभन्दा प्रदूषित सहरको सूचीमा पहिलो स्थानमा रहेको काठमाडौं हाल सुधार हुँदै ६६औं स्थानमा झरेको छ । एक्युआई मापदण्डअनुसार ०–५० सम्म 'राम्रो', ५१–१०० 'मध्यम', १०१–१५० 'अस्वस्थ', १५१–२०० 'सबैका लागि अस्वस्थ', २०१–३०० 'धेरै अस्वस्थ' र ३०० भन्दा माथि 'अत्यन्त खतरनाक' मानिन्छ । वैशाख १० गते उपत्यकाको वायु गुणस्तर सूचकांक २४७ सम्म पुगेको थियो, जुन 'धेरै अस्वस्थ' श्रेणीमा पर्ने भएकाले सर्वसाधारणको स्वास्थ्यमा गम्भीर जोखिम देखिएको थियो । विज्ञहरूले त्यसबेला प्रदूषणको उच्चस्तरले श्वासप्रश्वास सम्बन्धी समस्या बढाउने चेतावनी दिएका थिए ।

वातावरण विभागका महानिर्देशक ज्ञानराज सुवेदीका अनुसार लामो समयसम्म वर्षा नहुँदा धुलो, धुवाँ र डढेलोबाट उत्पन्न प्रदूषण वायुमण्डलमा थुप्रिने गर्दछ । 'सुक्खा मौसममा वन डढेलो बढ्ने र त्यसबाट निस्किएको धुवाँ उपत्यकामा थुनिने भएकाले प्रदूषण उच्च हुन्छ' उनले भने 'छिमेकी मुलुक भारतबाट आउने प्रदूषित हावाले पनि काठमाडौंको वायु गुणस्तरमा असर पार्ने गरेको छ ।'

वर्षात्‌सँगै धुलो र धुवाँ पखालिने तथा हावाको बहाव बढ्ने भएकाले वायु गुणस्तर सुधार हुने उनले बताए । दीर्घकालीन रूपमा प्रदूषण नियन्त्रण गर्न दिगो र वातावरणमैत्री विकासका उपायहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक रहेको उनको जोड थियो । हालको सुधारले उपत्यकावासीलाई केही राहत दिएको भए पनि विज्ञहरूले प्रदूषण नियन्त्रणका स्थायी उपायमा ध्यान दिनुपर्ने आवश्यकता औंल्याएका छन् ।

# मन्त्री वादी र राजदूत माओमिङबीच शिष्टाचार भेट

**काठमाडौं ।** महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री सीता वादीसँग नेपालका लागि जनवादी गणतन्त्र चीनका राजदूत चाङ माओमिङले शिष्टाचार भेट गरेका छन् । मन्त्रालयमा भएको भेटमा नेपाल र चीनबीचको ऐतिहासिक, मैत्रीपूर्ण तथा सौहार्दपूर्ण सम्बन्धलाई थप सुदृढ बनाउने विषयमा छलफल भएको सो मन्त्रालयले जनाएको छ ।

त्यस अवसरमा मन्त्री वादीले नेपाल 'एक चीन नीति' प्रति दृढ प्रतिबद्ध रहेको उल्लेख गर्दै चीनसँगको सहकार्यलाई सामाजिक विकास, महिला सशक्तीकरण, बाल अधिकार संरक्षण, ज्येष्ठ नागरिक सेवा र अपाङ्गता भएका व्यक्तिहरूको अधिकार प्रवर्द्धनका क्षेत्रमा विस्तार गर्न सकिने बताए । उनले नेपाल र चीनबीचको ऐतिहासिक सम्बन्धलाई थप परिणाममुखी बनाउन मन्त्रालयले भूमिका खेल्ने प्रतिबद्धता पनि व्यक्त गरे । भेटमा स्थानीय नेपाली महिलाद्वारा उत्पादित सामग्रीको प्रवर्द्धन तथा बजार पहुँच, नमूना ज्येष्ठ नागरिक हेरचाह केन्द्र स्थापना, अपांगता भएका व्यक्तिहरूका लागि विशेष सेवा तथा सहायक सामग्री उपलब्धता गराउनेबारे छलफल भएको थियो ।

राजदूत माओमिङले नेपाल र चीनबीच रही आएको ऐतिहासिक, मैत्रीपूर्ण तथा पारस्परिक विश्वासमा आधारित सम्बन्धलाई उच्च महत्व दिँदै महिला, बालबालिका तथा ज्येष्ठ नागरिकको संरक्षण, सशक्तीकरण र समावेशी विकासका क्षेत्रमा नेपाल सरकारसँगको सहकार्यलाई थप सुदृढ गर्दै लैजाने विश्वास दिलाएका थिए ।

# वर्षात्‌ले मकै किसान उत्साहित, उत्पादन बढ्ने आशा

**काठमाडौं ।** खडेरी हुने महिना चैत वैशाखमै निरन्तर वर्षा भएपछि मकैबाली लगाएका किसान उत्पादन बढ्ने आशामा उत्साहित भएका छन् ।

उपयुक्त समयमा पानी परेपछि यहाँको तराई र पहाडी क्षेत्रमा मकैबाली फस्टाएको छ । रौतामाई गाउँपालिका–२ भुटारका किसान देवराज दाहालले भने 'यसपटक मकै छर्ने बेलादेखि वर्षा भइरहेका कारण मकै छर्न र गोड्न समेत सहज भएको छ, मकैबाली उत्पादन बढ्ने आशा छ ।'

त्यसैगरी चौदण्डीगढी नगरपालिका–५ सुन्दरपुरका किसान चन्द्रकान्त चौधरीले निरन्तर वर्षा भइरहेकाले मकै उत्पादन बढ्ने बताए । त्रियुगा नगरपालिका–१६ सुकौराका किसान तेजबहादुर बलम्पाकी मगरले भने 'यसपटक डाँडापाखाका बारीमा समेत छरेको मकै निरन्तर वर्षाका कारण राम्ररी फस्टाइरहेको छ, निरन्तर वर्षाले मकैखेतीलाई ठूलो राहत प्रदान गरेको छ ।'

जिल्लाको पहाडी क्षेत्रका सुक्खा, बारी डाँडापाखामा छरेको मकैको बिरुवालाई वर्षाले राहत प्रदान गरेको छ । जिल्ला कृषि ज्ञान केन्द्र प्रमुख योगेन्द्र यादवले मकैखेती गर्ने सिजनबाट वर्षा सुरु भएकाले पडाडी क्षेत्रका बारीमा लगाएको मकैखेती राम्रो हुने बताए ।

यादवका अनुसार उदयपुरमा ११ हजार हेक्टर क्षेत्रफलमा बर्सेनि मकैखेती हुँदै आएको छ । यसपटक यस्तै मौसम रहेमा मकै उत्पादनमा २० प्रतिशत वृद्धि हुने अनुमान गरिएको छ ।

# मिडियाले जहिल्यै प्रतिपक्षको भूमिका खेल्नुपर्छ : बिजुक्छें

**भक्तपुर ।** नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेंले सञ्चारमाध्यमले जहिले पनि प्रतिपक्षको भूमिका खेल्नुपर्ने बताएका छन् ।

भक्तपुरमा सम्पादकीय संकलन (तेस्रो खण्ड) र एक क्षण (समसामयिक टिप्पणी संकलन) नामक दुई पुस्तकको विमोचन गर्दै अध्यक्ष बिजुक्छेंले सरकारले गर्ने हरेक कामलाई हेरेर त्यसमा भएका कमीकमजोरीलाई मिडियाले औंल्याउनुपर्ने बताएका हुन् । अध्यक्ष बिजुक्छेंले वर्तमान समयमा आलोचनात्मक दृष्टिकोण राख्ने व्यक्ति घट्दै गएकामा चिन्ता व्यक्त गर्दै युवामा आलोचनात्मक दृष्टिकोणको भावना बढाउनुपर्ने खाँचो रहेको बताए । सरकार गर्ने गल्ती कमजोरीमा युवाले औंला ठड्याउनुपर्ने आवश्यकता रहेको उनले बताए ।

कार्यक्रममा बागमती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले पार्टीहरू विचार र सिद्धान्तमा अडिग रहेर देशको भविष्यप्रति चिन्ता गर्दै दिशानिर्देश गर्नेहरूको समूह हुने भन्दै नेपाल मजदुर किसान पार्टीले त्यो काम गरिरहेको बताएका हुन् ।

# संसदको अधिवेशन तत्काल आह्वान गर्न विपक्षी दलहरूको आग्रह

**काठमाडौं ।** विपक्षी दलहरूले संघीय संसदको अधिवेशन अविलम्ब आह्वान गर्न सरकारसँग आग्रह गरेका छन् ।

प्रतिपक्षी दल नेपाली कांग्रेसका संसदीय दलका नेता भीष्मराज आङ्देम्बेको अध्यक्षतामा बुधबार बसेको बैठकले संवैधानिक परिषदको काम कर्तव्य र अधिकारसम्बन्धी ऐन, २०६६ र सहकारी ऐन, २०७४ लाई संशोधन गर्नेसम्बन्धी अध्यादेश फिर्ता लिई सदनमा पेस गर्न आग्रह गर्ने निर्णय गरेको कांग्रेस संसदीय दलका नेता आङ्देम्बेले जानकारी दिए ।

बैठकमा नेपाल कम्युनिस्ट पार्टी (एमाले) संसदीय दलका नेता रामबहादुर थापा, नेपाली कम्युनिस्ट पार्टीका प्रमुख सचेतक युवराज दुलाल र राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद सरस्वती लामा सहभागी भएका थिए ।

# कांग्रेस राष्ट्रियसभा दलमा पन्त

**काठमाडौं ।** नेपाली कांग्रेस भित्रको अन्तरसंघर्ष राष्ट्रिय सभामा समेत देखिएको छ । कांग्रेसले पूर्व सभापति शेरबहादुर देउवा पक्षीय कृष्ण प्रसाद सिटौलाको स्थानमा कमला पन्तलाई राष्ट्रिय सभा दल नेता चयन गरेको हो ।

संसदीय दल नेता भीष्मराज आङ्देम्बेले पन्तलाई राष्ट्रिय सभा दल नेता मनोनीत गरेसँगै सिटौलाको पद गुमेको छ । संसदीय दल नेताले राष्ट्रिय सभा दल नेता तोक्ने विधानको व्यवस्था रहेकोछ ।

सिटौलालाई देउवा संसदीय दल नेता हुँदा राष्ट्रिय सभा दल नेता बनाएका थिए । गोरखाबाट २०५१ र २०५६ मा निर्वाचित सांसद पन्त महिला बालबालिका तथा समाज कल्याण राज्यमन्त्री समेत बनेकी थिइन् । पछिल्लो समय उनी गण्डकी प्रदेशबाट राष्ट्रिय सभा सांसद समेत रहँदै आएकी छन् ।

# तीन विपक्षी दलको ध्यानाकर्षण

**काठमाडौं ।** संघीय संसदमा रहेका तीन विपक्षी दलको बिहीबार बसेको बैठकले जनजीविका र समसामयिक सवालमा नेपाल सरकारको ध्यानाकर्षण गराएको छ ।

राष्ट्रियसभामा नेकपा (एमाले) का दलका नेता प्रेमप्रसाद दंगाल, नेपाली कांग्रेसका संसदीय दलका मुख्य सचेतक बासना थापा र नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का दलका प्रमुख सचेतक युवराज दुलालसहितको बैठकले सुकुमवासी समस्याको दीर्घकालीन समाधानलगायत विषयमा चासो व्यक्त गरेको हो । बैठकपछि ती नेताहरूद्वारा जारी वक्तव्यमा बढ्दो महंगी नियन्त्रण र सार्वजनिक सुपथ मूल्य सञ्चालनमा ल्याउन, किसानलाई रसायनिक मलको समयमा प्रबन्ध गर्न, कुखुरालगायत पक्षीहरूमा देखिएको बर्डफ्लु प्रभावित किसानलाई राहत दिन आग्रह गरिएको छ ।

यसैगरी, पेट्रोलियम पदार्थको सहज आपूर्ति र सहुलियत प्याकेज दिन, विद्यार्थी संगठन तथा कर्मचारी ट्रेड युनियन खारेज नगर्न र सरकारको आगामी नीति कार्यक्रम र बजेटको तयारीको छलफलमा विपक्षी दललाई सहभागी गराउन माग गरिएको छ ।

# रोल्पा दुर्घटनामा २० जनाको निधन

**काठमाडौं ।** रोल्पामा बिहीबार भएको जीप दुर्घटनामा परी मृत्यु हुनेको संख्या २० पुगेको छ । उद्धार तथा खोजतलासका क्रममा घटनास्थलबाट २० जनाको शव फेला परेको जिल्ला प्रहरी कार्यालय रोल्पाले जानकारी दिएको हो ।

जिप्रका रोल्पाका सूचना अधिकारी एवं प्रहरी निरीक्षक सुनिल थापा नेपालीले जीप दुर्घटनामा मृत्यु हुनेको संख्या २० पुगेको जानकारी दिए । उनका अनुसार दुर्घटनामा परी रुकुम पूर्वका सिस्ने गाउँपालिका-५का ३२ वर्षीय समिर कामी घाइते भएका छन् । उनको आधारभूत जलजला अस्पताल थवाङमा उपचार भइरहेको प्रहरीले जनाएको छ । रुकुम पूर्वबाट रोल्पाको थवाङ गाउँपालिकाको जलजलातर्फ जाँदै गरेको लु १ ज ४१६७ नम्बरको जीप बिहीबार दिउँसो रोल्पाको थवाङ गाउँपालिका-१ सल्याप भन्ने ठाउँमा भिरबाट आठसय मिटर तल खसेर दुर्घटना भएको प्रहरी निरीक्षक थापाले जानकारी दिए ।

दुर्घटना लगत्तै जिल्ला प्रहरी कार्यालय रोल्पाका प्रहरी प्रमुख विरेन्द्र विश्वकर्मा नेतृत्वको टोली घटनास्थल पुगी उद्धार तथा खोजी कार्यमा खटिएको उनले बताए । भौगोलिक विकटता, वर्षा भइरहेको तथा राति भइसकेकाले खोजी तथा उद्धारमा कठिनाइ भइरहेको रोल्पा प्रहरीले जनाएको छ ।

दुर्घटनामा परेको जीपमा सवार सबै जलजलामा वैशाख पूर्णिमाको अवसरमा लाग्ने मेलामा सहभागी हुन जाने तीर्थयात्री रहेका प्रहरी निरीक्षक थापाले बताए । उनका अनुसार दुर्घटनामा परी मृत्यु भएकाहरूको सनाखत हुन सकेको छैन् ।

# भूकम्पपीडितहरूको अन्तर्राष्ट्रिय स्मृति दिवस

**काठमाडौं ।** बुधबार भूकम्पपीडितहरूको अन्तर्राष्ट्रिय स्मृति दिवस मनाइएको छ । विश्वका विभिन्न देशमा विविध चेतनामूलक कार्यक्रमका साथ बुधबार पहिलो पटक सो स्मृति दिवस मनाइएको हो ।

संयुक्त राष्ट्रसंघको महासभाले सन २०२५ अप्रिलमा प्रत्येक वर्ष अप्रिल २९ लाई उक्त दिवसका रूपमा मनाउने निर्णय गरेको हो । सोही अनुरूप राष्ट्रसंघका सदस्य राष्ट्र, संयुक्त राष्ट्रसंघीय प्रणालीअन्तर्गतका निकाय तथा सम्बन्धित अन्तर्राष्ट्रिय संठनहरूलाई यसको स्मरणमा सहकार्य गर्न आह्वान गरेको छ । प्राकृतिक विपत्तिमध्ये भूकम्पलाई सबैभन्दा घातक मानिन्छ । म्यान्मा र अफगानिस्तानमा पछिल्लो समयका शक्तिशाली भूकम्पले पूर्वाधार ध्वस्त पार्नुका साथै समुदायलाई विस्थापित गरेको छ । यसबाट ती देशको दीर्घकालीन सामाजिक, आर्थिक तथा मनोवैज्ञानिक असर पारेको छ । संयुक्त राष्ट्रसंघका अनुसार सन् १९०० यता कम्तीमा १२ वटा ठूला भूकम्पले प्रत्येकमा ५० हजारभन्दा बढीको ज्यान लिएको छ । विश्वव्यापी विपद क्षतिमध्ये एक चौथाइभन्दा बढी हिस्सा भूकम्पजन्य क्षतिले ओगट्ने गरेको र पछिल्ला दशकहरूमा खर्बौं डलर बराबरको आर्थिक नोक्सानी भएको छ ।

प्रत्यक्ष विनाशबाहेक भूकम्पले आगलागी, सुनामी र पहिरो जस्ता थप जोखिम समेत उत्पन्न गराई आवास, स्वास्थ्य, शिक्षा र जीविकोपार्जनमा अकल्पनीय क्षति पुऱ्याएको छ ।

# सुक्खा मौसमका कारण ह्वात्तै बढ्यो डढेलो र प्रदूषण

**काठमाडौं ।** मुलुकभरका विभिन्न स्थानमा सुक्खा मौसमका कारण वन डढेलो बढ्न थालेसँगै काठमाडौं उपत्यकासहितका क्षेत्रमा वायु प्रदूषण पनि वृद्धि हुन थालेको छ ।

सुक्खा अवस्था बढेकाले केही दिनयता डढेलो र प्रदूषण बढेका हो । वन तथा भूसंरक्षण विभागका अनुसार वन डढेलोबाट निस्कँने धुवाँ र वायमण्डलमा जमेको धुलोको कणले उपत्यकाको वायु गुणस्तरलाई समेत खराब बढाएको हो । चैत महिनादेखि वन डढेलोको घटना सुरु हुने तथ्यांकले देखाएको छ । प्रि-मनसुन अवधिमा औसतभन्दा बढी वर्षा भएकाले गत वर्षको तुलनामा यस पटक भने वन डढेलोमा उल्लेख्य कमी देखिएको भए पनि पछिल्लो दिनहरूमा डढेलोको जोखिम देखिन थालेको विज्ञहरूले बताएका छन् । वन तथा भूसंरक्षण विभागको तथ्यांकअनुसार आर्थिक वर्ष २०७८ को चैत महिनामा ४६६ वटा डढेलोका घटना दर्ता भएका थिए भने उक्त संख्या आर्थिक वर्ष २०७९ मा घटेर २६७ मा झरे पनि २०८० मा २४९ र २०८१ मा झन बढेर ३३१ पुगेको थियो ।

चालु आर्थिक वर्ष २०८२ सबैभन्दा कम ७९ वटा मात्रै वन डढेलोका घटना भएका थिए जसलाई विज्ञहरूले मौसमीय अवस्थासँग जोडेर हेरेका छन् । प्रिमनसुन अवधिमा भएको राम्रो वर्षाका कारण अघिल्लो वर्षको सोही अवधिको तुलनामा गत चैतमा डढेलोका घटनामा कमी देखिँदै आएको थियो । विभागले सार्वजनिक गरेको तथ्यांकअनुसार वैशाखको पहिलो सातादेखि नै देशभर डढेलोका घटना पुनः बढ्दो क्रममा देखिएका छन् । विभागको तथ्यांकले वैशाख ६ देखि ९ गतेसम्मको दैनिक विवरण सार्वजनिक गर्दै चार दिनमै १०२ वटा डढेलोका घटना दर्ता भएको जनाएको छ ।

विभागका अनुसार दाङमा बढी डढेलो १७ वटा, कपिलवस्तुमा १४, नवलपुरमा ९ वटा डढेलोको घटना घटेका छन् । सल्यान, सुर्खेत तथा कैलालीलगायतका जिल्लामा समेत डढेलोका थुप्रै घटनाहरू भएका देखिन्छ । यस्तैगरी कैलालीमा १२, डोटीमा ११, अर्घाखाँचीमा ७, गुल्मीमा ६ र पाल्पामा ५ वटा घटना देखिएको विभागले जनाएको छ । सोही अवधिमा चितवन राष्ट्रिय निकुञ्जमा सबैभन्दा बढी २३ वटा डढेलोका घटना दर्ता भएका जनाएको विभागले पर्सा राष्ट्रिय निकुञ्जमा १० र बाँके राष्ट्रिय निकुञ्जमा ९ वटा डढेलोका घटना तथा बर्दिया राष्ट्रिय निकुञ्ज, शुक्लाफाँटा राष्ट्रिय निकुञ्जलगायतका क्षेत्रमा समेत डढेलो फैलिएको विवरणमा उल्लेख छ । संरक्षित क्षेत्रतर्फ कुल ५७ वटा डढेलोका घटना र ३३ वटा उच्च विश्वसनीयताका घटना रेकर्ड भएका छन् ।

त्यसैगरी, बुधबारदेखि बिहीबारसम्म मात्र १५ वटा वन डढेलोको घटना भएको विभागको तथ्यांकमा उल्लेख गरिएको छ । विभागका महानिर्देशक धीरेन्द्रकुमार प्रधानले पछिल्ला दिनमा वन डढेलोका घटना पुन बढ्न थालेको जानकारी दिए । 'अस्तिबाट डढेलोको घटना बढेको छ । मनसुनले केही समय साथ दिएको थियो, तर अहिले पुनः सुक्खा अवस्था छ' उनले भने 'सुक्खा भएका कारण सानो फिल्काले पनि आगो लाग्ने जोखिम उच्च छ ।'

महानिर्देशक प्रधानले बढ्दो तापक्रम, सुक्खा मौसम र मानवीय असावधानीलाई डढेलोका मुख्य कारणका रूपमा औंल्याउँदै सचेतना र पूर्वतयारी बढाउन आवश्यक रहेको बताए । विभागकै वन अधिकृत विजय ढकालले डढेलो नियन्त्रणका लागि स्थानीय तह, सुरक्षा निकाय र समुदायबीच समन्वय आवश्यक रहेको बताए । विभागले वन क्षेत्रमा आगो लगाउने, खरानी फाल्ने वा असावधानीपूर्वक आगो प्रयोग नगर्न सर्वसाधारणलाई आग्रह गरेको छ । नेपाल वन प्राविधिक संघ (एनएफए) का अध्यक्ष राकेश कर्णले वन डढेलो नियन्त्रणका लागि प्रभावकारी वन व्यवस्थापन अपरिहार्य रहेको बताए ।

देशका विभिन्न क्षेत्रमा वन डढेलो वृद्धि भएसँगै काठमाडौं उपत्यकाको वायुमण्डलमा प्रदूषण समेत वृद्धि हुन थालेको छ । वर्षा अभाव र सुक्खा मौसमका कारण डढेलोका घटना बढेसँगै उपत्यकाका एयर क्वालिटी इन्डेक्स (एक्युआई)का मंगलबार ९२ को हाराहारी पुगेको वायु प्रदूषण बुधबार बढेर १९६ पुग्यो । बिहीबार भने एक्युआइ अझै बढेर २९७ पुगेपछि अत्यन्त अस्वस्थ तहको पुगेको हो ।

वातावरण विभागका महानिर्देशक ज्ञानराज सुवेदीले वर्षा नहुनु, हावाको गति कम हुनु र तापक्रम बढ्नुजस्ता मौसमी अवस्थाले प्रदूषित कणहरू वायुमण्डलमै थुप्रिएको र उपत्यकामा वायु प्रदूषण बढेको जानकारी दिए ।

देशभर फैलिएको वायु प्रदूषणको अवस्थाबारे टिप्पणी गर्दै थापाले पछिल्लो तथ्यांकले व्यापक र गम्भीर प्रदूषणको अवस्था देखाएको छ ।

एक्युआईको मापदण्डअनुसार ०-५० सम्म 'राम्रो', ५१-१०० 'मध्यम', १०१-१५० 'अस्वस्थ', १५१-२०० 'सबैका लागि अस्वस्थ', २०१-३०० 'धेरै अस्वस्थ' र ३०० भन्दा माथि 'अत्यन्त खतरनाक' मानिन्छ ।

स्वास्थ्य विज्ञहरूले प्रदूषण बढेको समयमा बालबालिका, ज्येष्ठ नागरिक तथा श्वास प्रश्वाससम्बन्धी समस्या भएका व्यक्तिहरूलाई अत्यावश्यक बाहेक बाहिर ननिस्कन, मास्क प्रयोग गर्न र सुरक्षित रहन सुझाव दिएका छन् ।

# विश्व कीर्तिमानी बाबुछिरी शेर्पाको २५औं स्मृति दिवस

**काठमाडौं ।** विश्व कीर्तिमानी सगरमाथा आरोही बाबुछिरी शेर्पाको २५औं स्मृति दिवस विभिन्न कार्यक्रमको आयोजना गरी मनाइएको छ ।

दिवसका अवसरमा बुधबार सगरमाथा आरोही संघ, बाबुछिरी शेर्पा फाउण्डेशन, परिवारजन र सहकर्मी पर्वतारोहीले तिलगंगा, गौशलामा अवस्थित शालिक तथा संग्रहालयमा आयोजित कार्यक्रममा धर्मगुरुले बौद्ध परम्पराअनुसार शान्तिको कामनासहित पूजापाठ गरेका थिए । संघकी अध्यक्ष माया शेर्पा, वरिष्ठ उपाध्यक्ष दिवस पोखेल, अल्पाइन स्पोर्ट्स एशोसिएसन इन्क, अमेरिकाका अध्यक्ष नवाङ डिमा शेर्पा, बाबुछिरी शेर्पा फाउण्डेशनका उपाध्यक्ष पेम्बा ग्याल्जेन शेर्पा लगायतले सालिकमा माल्यार्पण, दीप प्रज्वलन तथा श्रद्धाञ्जली अर्पण गर्दै स्व शेर्पाले नेपालमा विश्वसामु चिनाउन सफल भएका बताएका थिए ।

त्यस अवसरमा वक्ताहरूले बाबुछिरीका नाममा शिक्षा, स्वास्थ्य तथा हिमाली समुदायको उत्थानका लागि सञ्चालन भइरहेका विभिन्न सामाजिक कार्यक्रमकाबारेमा जानकारी दिनुका साथै नयाँ पुस्तालाई पर्वतारोहणतर्फ आकर्षित गर्न र सुरक्षित आरोहण संस्कृतिको प्रवर्द्धन गर्ने पहल जारी रहेको उल्लेख गरियो । सन् १९९० मा फ्रेन्च एभरेष्ट एक्सपिडिसनका मार्क वटार्डसँग गएको आरोहणमा गएका बाबुछिरीले सन् १९९९ मा सगरमाथाको टाकुरामा २१ घण्टाविना अक्सिजन बिताएर विश्वकीर्तिमान राख्न सफल भएका थिए । सन् २००० में मा आधार शिविरबाट १६ घण्टा ५६ मिनेटमा सगरमाथाको चुचुरोमा पुग्न सफल, सन् १९९५ र १९९९ मा एकै ऋतुमा दुई-दुई पटक सगरमाथाको सफल आरोहण गर्न सफल हिमाली क्षेत्रका लोकप्रिय राष्ट्रिय तारा विश्व कीर्तिमानी आरोही शेर्पाको ३६ वर्षको उमेरमा २०५८ वैशाख १६ गते निधन भएको थियो ।

बाबुछिरी विलक्षण प्रतिभा र साहसिक कीर्तिमानी भएकाले गोरखा दक्षिणबाहु, उत्कृष्ट राष्ट्रिय युवा पुरस्कार, पासाङल्हामु पुरस्कार, नेपाल पर्वताराहण संघ पुरस्कार र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय आदि जस्ता दुई दर्जनभन्दा बढी समूह तथा संघसंस्थाबाट पुरस्कृत भएका थिए ।

# सिरहामा महिनामै १९ ठाउँमा आगलागी

**काठमाडौं ।** गर्मी र सुक्खा मौसम सुरुसँगै सिरहामा आगलागीका घटनामा तीव्र वृद्धि भएको छ । जिल्ला प्रहरी कार्यालयले सार्वजनिक गरेको गत चैतको विवरणअनुसार एक महिनामा जिल्लाका विभिन्न १९ स्थानमा विद्युत सर्टलगायत कारणले आगलागीका घटना भएको हो ।

प्रहरीको तथ्यांकअनुसार चैतमा तीन वटा विद्युत सर्टसहित १९ वटा आगलागीका घटना भएका हुन् । यी घटनाहरूबाट करिब ३३ लाख २७ हजार बराबरको आर्थिक क्षति भएको प्रहरीले जनाएको छ । आगलागी नियन्त्रण र उद्धारका लागि प्रहरीले १८२ जना जनशक्ति परिचालन गरेको छ । आगलागी बाहेक जिल्लामा अन्य प्राकृतिक विपदका घटनाबाट पनि मानवीय क्षति भएको छ । पानीमा डुबेर एक र करेन्ट लागेर एक जनाले ज्यान गुमाएका जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले जानकारी दिए । उनका अनुसार जंगली जनावरको आक्रमणबाट एक जना घाइते भएका छन् भने हावाहुरीका कारण एक ठाउँमा भौतिक क्षति पुगेको छ ।

प्रहरीले आगलागी नियन्त्रणका लागि स्थानीय तहका दमकल र स्थानीय बासिन्दासँगको समन्वयमा कार्य गर्दै आएको छ । सुक्खा मौसम अझै बाँकी रहेकाले आगलागीका घटना बढ्न सक्ने भन्दै प्रहरीले सर्वसाधारणलाई सचेत रहन र आगोको प्रयोग गर्दा सावधानी अपनाउन आग्रह गरेको छ ।

# छेकम्पारवासी यार्सा संकलन गर्न लेकतिर

**काठमाडौं ।** गोरखा जिल्लाको हिमाली भेग छेकम्पारका बासिन्दा यार्सागुम्बा संकलन गर्न लेकतिर जान थालेका छन् । चुमनुब्री गाउँपालिका-७ छेकम्पारका बासिन्दा एक साताअघिदेखि लेकतिर जान थालेका हुन् ।

स्थानीय साङ्पा लामाले 'सिजन' सुरु भएसँगै गाउँलेहरू लेकतिर जान थालेको बताए । छेकम्पारका बासिन्दाको मुख्य आम्दानीको स्रोत यार्सागुम्बा भएकाले यसपटक हिउँ नपग्लिँदै गाउँलेहरू लेकतिर लागेको उनले जानकारी दिएका हुन् । तिब्बती सीमाना आसपासको छेके र बाजुलगायतका लेकमा पुगेर यार्सागुम्बा संकलन गर्ने गरिएको छ । हरेक याममा याक, चौंरी, घोडामा खाद्यान्नलगायत दैनिक उपभोग्य सामान ढुवानी गरेर लावालस्करसहित स्थानीयवासी लेकतिर जाने गरेका छन् ।

गो.हु.का. द.नं.: ४५/०६३/६४

का.जि.प्र.का. द.नं.: ८९-०५२/५३



## बादलको अभिव्यक्ति...

मात्र यात्रा गर्न प्रहरीले सर्वसाधारणलाई अनुरोध गरेको छ। अर्को सूचना जारी नभएसम्म उक्त खण्डमा यात्रा नगर्न सडक यात्रुलाई अपिल गरिएको छ। बेमौसमी वर्षाका कारण रोशी खोलाको बाढीले बीपी राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकको नमोबुद्ध नगरपालिकाको चौकीडाँडादेखि सिन्धुलीको नेपालथोकसम्मका विभिन्न स्थानका अस्थायी डाइभर्सन पटक-पटक बगाउँदा सडक अवरुद्ध हुँदै आएको छ।

गतवर्षको बाढीपहिरोले चौकीडाँडा, रोशी तथा सिन्धुलीको नेपालथोक क्षेत्रमा गरी बीपी रागमार्गको १८ किमी सडक बगाएपछि खोलामै डाइभर्सन निर्माण गरी आवागमन चलिरहेको छ। हाल उक्त क्षेत्रमा स्थायी सडक निर्माण भइरहेको डिभिजन सडक कार्यालय भक्तपुरले जनाएको छ।

**तीन दिनपछि खुल्यो राजमार्ग**

यसैबीच, अवरुद्ध बीपी राजमार्ग तीन दिनपछि खुलेको छ। अस्थायी डाइभर्सन बनाएर यस राजमार्गमा बिहीबार बिहानदेखि सवारी आवागमन खुलाइएको हो। वर्षा जारी रहेकाले अत्यावश्यक बाहेक यस मार्गबाट यात्रा नगर्न जिल्ला प्रहरी कार्यालयले सम्बद्ध सबैमा अनुरोध गरेको छ।

गत सोमबारको वर्षासँगै रोशी खोलामा आएको बाढीले बाटो बन्द भएको थियो। वर्षा हुने बित्तिकै रोशी क्षेत्रको करिब चार किलोमिटर क्षेत्रमा निर्माण गरिएको अस्थायी डाइभर्सनमा क्षति पुग्ने भएकाले प्रहरीले आवागमन बन्द गराउने गरेको छ। राजमार्ग अवरुद्ध भएपछि सवारी साधनलाई धुलिखेल तथा काभ्रेभञ्ज्याङ र मंगलटार तथा नेपालथोकमा होल्ड गरेर राखिन्छ।

## पूर्वमहान्यायाधिवक्ताहरूसँग...

पूर्वकानुन, न्याय तथा संसदीय मामिलामन्त्री तथा पूर्वमहान्यायाधिवक्ता अग्निप्रसाद खरेलले शासकीय स्वरूपबारे स्पष्ट राजनीतिक धारणा आवश्यक रहेको बताए। स्थानीय तहलाई थप शक्तिशाली बनाउनुपर्ने र समावेशितालाई संविधानको मूल आधारका रूपमा निरन्तरता दिनुपर्ने सुझाव उनले दिए।

संविधानसभा सदस्य सुरेश आलेमगरले पूर्ण समानुपातिक निर्वाचन प्रणालीको पक्षमा आफ्नो धारणा राख्दै न्यायपालिकाको पुनर्संरचना आवश्यक रहेको उल्लेख गरे। संवैधानिक आयोगको संख्या घटाएर मात्रै समस्या समाधान नहुनेमा पनि उनले जोड दिए। संस्थाको प्रभावकारिता त्यसको नेतृत्व र पदाधिकारीको इमान्दारितासँग जोडिने उनको भनाइ छ।

प्रतिनिधिसभा सदस्य परशुराम तामाङले अन्तर्राष्ट्रिय सम्झौता, मधेसी, मुस्लिम तथा आदिवासी समुदायका सवाल संविधान संशोधनको बहसमा समेटिनुपर्नेमा जोड दिए। स्थानीय तह र प्रदेशलाई प्रभावकारी बनाउन बाझिएका अनुसूची सच्याउनुपर्ने, निर्वाचन प्रणालीमा दल, समुदाय र व्यक्तिको छनोट सुनिश्चित गर्ने व्यवस्था हुनुपर्ने तथा राष्ट्रियसभामा प्रतिनिधित्वको ढाँचा पुनरावलोकन गर्नुपर्ने उनले सुझाव दिए।

पूर्वकानुन सचिव राजीव गौतमले शासन प्रणाली स्पष्ट हुनुपर्ने, संवैधानिक आयोगको संख्या पुनरावलोकन गर्नुपर्ने तथा कानुन निर्माण प्रक्रियालाई थप प्रभावकारी र छोटो बनाउनुपर्ने सुझाव दिए। न्यायाधीशको कार्यसम्पादन मूल्यांकन तथा प्रदेशप्रमुखको भूमिकालाई थप स्पष्ट र प्रभावकारी बनाउनुपर्ने धारणा उनले व्यक्त गरे।

कार्यदलका संयोजक शाहले दस वर्षपछि संशोधनको अवधारणा, राजनीतिक दलबीच बढ्दो बहस र पछिल्लो नवपुस्ता 'जेन-जी आन्दोलन' बाट आएको भ्रष्टाचार अन्त्य र सुशासनको मागले संविधान संशोधनको आवश्यकता महशुस भएको बताए। प्राप्त सुझाव बहसपत्र तयारीका लागि महत्त्वपूर्ण भएको उनले उल्लेख गरे।


## कला जोगाऔं, संस्कृति बचाऔं !

- कलालाई सिर्जनशील राष्ट्रको परिचय र सभ्यताको प्रतीकको रूपमा बुझौं,
- चित्रकला, गीत-सङ्गीत, नृत्य, नाटकलगायत सवै कलाको सम्मान गरौं,
- स्थानीय कलाकार तथा स्रष्टाहरूलाई प्रोत्साहन र सहयोग गरौं,
- हाम्रो मौलिक संस्कृति र परम्परालाई कलामार्फत जोगाऔं,
- विद्यालय तथा समुदायमा कला शिक्षाको प्रवर्द्धन गरौं,
- सार्वजनिक स्थानहरूमा कलाको संरक्षण र प्रवर्द्धनमा ध्यान दिऔं,
- युवापुस्तालाई सिर्जनात्मक गतिविधिमा सहभागी गराऔं,
- कलामार्फत सकारात्मक सन्देश र सामाजिक सचेतना फैलाऔं,
- सांस्कृतिक विविधताको सम्मान गर्दै एकता बलियो बनाऔं,
- कला विकासमार्फत पर्यटन र आर्थिक समृद्धिमा टेवा पुऱ्याऔं।

नेपाल सरकार

**विज्ञापन बोर्ड**


# नेपाली भूमि लिपुलेकबारे भारतले मुख खोल्यो : 'नेपालको दावी मान्य छैन'

**काठमाडौं।** यसअघि बन्द रहेको लिपुलेक हुँदै सुरु गर्न लागिएको कैलाश मानसरोवर यात्राका सम्बन्धमा नेपाल सरकारले पठाएको 'कूटनीतिक नोट'मा भारतीय पक्षले प्रतिक्रिया जनाएको छ। परराष्ट्र मन्त्रालयका अनुसार भारत र चीनबीचको समन्वय र सहमतिमा नेपाली भूमि लिपुलेक हुँदै एकतर्फी रूपमा सुरु गर्न लागिएको मानसरोवर यात्राका सम्बन्धमा आइतबार भारत र चीनलाई नोट पठाउँदै ध्यानाकर्षण गराएको हो।

उक्त विषयमा प्रतिक्रियास्वरूप भारतीय विदेश मन्त्रालयका प्रवक्ता रणधीर जैयसवालले भारतको धारणा सधैँ स्पष्ट र स्थिर रहेको भन्दै लिपुलेक पास सन् १९५४ देखि नै कैलाश मानसरोवर यात्राका लागि निरन्तर प्रयोग हुँदै आएको मार्ग भएको दावी गरिएको छ।

परराष्ट्र मन्त्रालयले नेपाली भूमि लिपुलेक हुँदै कैलाश मानसरोवर यात्रा सुरु गर्न लागिको विषयमा आइतबार सरकारको औपचारिक धारणा सार्वजनिक गर्दै पठाइएको उक्त कूटनीतिक नोटप्रति लक्षित गर्दै भारतका तर्फबाट प्रवक्ता जैयसवालले 'यो कुनै नयाँ कुरा होइन, भारतले एकतर्फी रूपमा गरिने दाबीहरू न्यायोचित नभएको र ऐतिहासिक तथ्य एवं प्रमाणमा आधारित नभएका कुरा निरन्तर राख्दै आएको छ। यस्ता एकतर्फी दावीहरू भारतलाई मान्य छैनन्।'

परराष्ट्रका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रेले भने 'कैलाश मानसरोवर यात्राका सम्बन्धमा नेपाल सरकारले आफ्नो स्पष्ट अडान र सरोकार भारत र चीन दुवै पक्षलाई कूटनीतिक माध्यमबाट पुनः अवगत गराएको छ।' नेपाली भूमि लिपुलेक हुँदै भारतले एकतर्फी रूपमा कैलाश मानसरोवर यात्रा खुलाउने तयारी थालेको छ। भारतले कोभिड महामारीका कारण बन्द रहेको व्यापार नाका ६ वर्षपछि पुनः खुलाउन लागेको बुझिएको छ।

नेपाली भूमि लिपुलेक हुँदै कैलाश मानसरोवर यात्राका विषयमा परराष्ट्र प्रवक्ताले १८१६ को सुगौली सन्धिबाट नै महाकाली नदीपूर्वका लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको अभिन्न भू-भाग रहेको तथ्यमा नेपाल सरकार पूर्णतः स्पष्ट र अडिक रहेको जानकारी दिए।

मन्त्रालयले विगतमा पनि नेपाल सरकारले भारत सरकारलाई उक्त क्षेत्रमा सडक निर्माण वा विस्तार, सीमा व्यापार र तीर्थाटन जस्ता कुनै पनि क्रियाकलाप नगर्न निरन्तर आग्रह गर्दै आएको जनाएको छ। 'लिपुलेक क्षेत्र नेपाली भू-भाग रहेको विषयमा मित्रराष्ट्र चीनलाई समेत आधिकारीक रूपमा जानकारी गराई सकिएको बेहोरा स्पष्ट पारिन्छ' परराष्ट्रका प्रवक्ता पौडेलले थपे।

# बालेन सरकारको अध्यादेश राष्ट्रपति पौडेलद्वारा फिर्ता

**काठमाडौं।** अहिलेको बालेन सरकारले समेत तत्कालीन केपी शर्मा ओली नेतृत्वको सरकारले पठाएकै प्रावधान राखेर अध्यादेश पठाएपछि राष्ट्रपति रामचन्द्र पौडेलले फिर्ता पठाएका छन्। राष्ट्रपति पौडेलले ओली सरकारको उतिबेलाको अध्यादेश पनि अस्वीकार गरिदिएका थिए।

अहिले बालेन सरकारले पनि उही प्रावधान राखेर अध्यादेश पठाएपछि उनले फेरि अस्वीकार गरेर फिर्ता पठाएका छन्। राष्ट्रपति पौडेलले बहुमतीय प्रणालीको मर्ममाथि पुनर्विचार गर्न सरकारलाई आग्रह गरेका हुन्। परिषदका ६ सदस्यमध्ये तीन जनाबाटै निर्णय गर्न सकिने प्रावधान राखिएको अध्यादेशप्रति असहमति जनाउँदै उनले सो प्रस्तावमा पुनः विचार गरी पठाउन आग्रह गरेका छन्।

'तत्कालीन मन्त्रिपरिषद्को २०८२।०८।०२ को निर्णय बमोजिम प्राप्त भएको संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) (पहिलो संशोधन) अध्यादेश, २०८२ जारी नभएको समेत स्मरण गराउँदै २०८३।०१।१४ गतेको नेपाल सरकार, मन्त्रिपरिषदको निर्णय बमोजिम सिफारिस भई आएको संवैधानिक परिषद (काम, कर्तव्य, अधिकार र कार्यविधी) (पहिलो संशोधन) अध्यादेश, २०८३ को विषयवस्तुका सन्दर्भमा पुनर्विचार गर्न पठाउनु भएको छ' राष्ट्रपति कार्यालयका प्रवक्ता रितेशकुमार शाक्यले आइतबार जारी विज्ञप्तिमा उल्लेख गरिएको छ।

बालेन सरकारले 'संवैधानिक परिषद (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६' संशोधन गर्न अध्यादेश पठाएको थियो। ऐनको दफा ६ मा रहेको गणपूरक संख्या र निर्णय प्रक्रियासम्बन्धी व्यवस्था तथा दफा ७ को संसदीय सुनुवाइसम्बन्धी प्रावधानलाई परिवर्तन गर्ने प्रस्ताव अध्यादेशमा समावेश गरिएकोमा राष्ट्रपतिले पुनर्विचार गर्न भन्दै फिर्ता पठाएका थिए। प्रस्तावित व्यवस्थाअनुसार चारजना उपस्थित भएमा बैठक बस्न सक्ने र उपस्थित सदस्यको बहुमत अर्थात तीन जनाबाटै निर्णय गर्न सकिने व्यवस्था राखिएको थियो। तर राष्ट्रपति पौडेलले यस्तो व्यवस्थाले बहुमतीय प्रणालीको आधारभूत मर्म कमजोर हुने ठहर गरेका छन्। परिषदमा कुल ६ सदस्य रहेकाले कम्तीमा ४ जनाको सहमतिमा निर्णय हुनुपर्ने राष्ट्रपतिको तर्क रहेको छ।

राष्ट्रपतिका कानुनी सल्लाहकार बाबुराम कुँवरका अनुसार अध्यादेश फिर्ता गर्दा विगतमा संघीय संसदका दुवै सदनबाट पारित भई प्रमाणीकरणका लागि आएको विधेयक, तत्कालीन सुशीला कार्की नेतृत्वको सरकारले सिफारिस गरेको अध्यादेश, तथा सर्वोच्च अदालतका नजिरहरूलाई समेत ध्यानमा राखिएको थियो। प्रधानमन्त्रीको अध्यक्षतामा गठन हुने संवैधानिक परिषदमा सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, प्रधानन्यायाधीश, प्रमुख प्रतिपक्ष दलका नेता र उपसभामुख सदस्य रहने व्यवस्था रहेको छ।

सो संरचनामा बहुमतको अर्थ कम्तीमा चार सदस्यको सहमति हुनुपर्ने राष्ट्रपतिको धारणा छ। उता सरकारको भने संवैधानिक पदाधिकारी नियुक्ति प्रक्रियामा अवरोध नआओस् भन्ने उद्देश्यले ऐन संशोधन आवश्यक भएको दावी गर्दै आएको छ। अध्यादेश जारी गर्ने विषयमा नैतिक जटिलता देखिएपछि राष्ट्रपति पौडेलले संविधानविद तथा नेपाल बार एसोसिएसनका पदाधिकारीहरूसँग परामर्श गरेको बुझिएको छ। राष्ट्रपतिले प्रधानमन्त्री बालेन्द्र शाह वालेनसँग समेत सो विषयमा छलफल गर्ने प्रयास गरेका थिए। उनले प्रधानमन्त्रीसँग प्रत्यक्ष परामर्श अघि नै बहुमतीय प्रणालीको मर्म जोगाउनुपर्ने निष्कर्षसहित अध्यादेश फिर्ता पठाउने निर्णय लिएका थिए।

# राज्यव्यवस्था तथा सुशासन समितिको बैठक स्थगित

**काठमाडौं।** वालेन्द्र शाह (बालेन) नेतृत्वको बहुमत प्राप्त सरकारमाथि सुकुम्बासी बस्तीमा डोजर चलाएको लगायतमा प्रश्नको चाङ लागिरहेको बेला प्रतिनिधि सभाको राज्यव्यवस्था तथा सुशासन समितिले बैठक बोलाएको थियो। सोमबार बिहान ११ बजेका लागि बोलाइएको सो बैठकमा प्रधानमन्त्री बालेन उपस्थित नहुने भएपछि बैक बस्दै नबसी स्थगित भएको हो।

समितिको प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, गृह मन्त्रालय, रक्षा मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, लोक सेवा आयोग, निर्वाचन आयोग कार्यक्षेत्र रहेको छ।

समिति सचिव कान्छा दुलालका अनुसार बैठक मन्त्री नभई बस्ने परम्परा नरहेको र समितिको कार्यक्षेत्र पर्ने प्रधानमन्त्री र मन्त्री आउन नसक्ने भएपछि स्थगित गरिएको हो। 'समितिमा मन्त्री नभई नबस्ने परम्परा छ। हाम्रो कार्यक्षेत्रमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, गृह, रक्षा र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय पर्छन्' उनले थपे 'प्रधानमन्त्रीज्यू आउन सक्ने अवस्था रहेन।' हाल गृह र रक्षा समेत बालेनले नै सम्हालेको र सामान्य प्रशासनमन्त्रीको समेत अन्तै कार्यक्रम तय भएकाले समितिको बैठक स्थगित गरिएको सचिव दुलालले बताए। 'त्यसैले स्थगित गरौं भनेर गरिएको हो। अन्य कुनै विषय छैन' उनको भनाइ थियो।

बैठकमा समितिको कार्यक्षेत्र र आगामी काम कारबाहीका सम्बन्धमा छलफल गर्ने कार्यसूची रहे पनि सूचना निकालेर स्थगित गरिएको छ।

प्रकाशकः **कोसेली मिडिया सपोर्ट प्रा.लि.** सम्पादक : **सानु राय (गौतम)** [९८४९६००२०९] बजार व्यवस्थापक : **माधवप्रसाद न्यौपाने** [९८४६५२८५०२]

**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४७३९५३८६ **इमेल** : janajibro.news@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं